**Wanted**

| S.N. | Level | Qualification | Number |
|---|---|---|---|
| 1. | Pre-School Teacher | 10+2 or Above (Trained) | 2 |
| 2. | Basic Level | Bachelor Level (Trained) | 3 |

Apply with handwritten application and CV within 2080/11/8.

**Sunshine National School**
Bhaktapur-1, Dudhpati
Contact: 9851042790, 016614835
Email: sunshine.bkt17@gmail.com



भ.पुजि.प्र.का.द.नं. २६/२०५५/५६ भ.पु.जि.हु.का.द.नं. २/०७०/७१

# मजदूर
The Worker Daily दैनिक
Website : www.onlinemajdoor.com




विज्ञापनको निम्ति सम्पर्क
फोन नं ६६१९१०७ ६६२०५५९



वर्ष : २६ ★ अङ्क : २७ ★ ने. सं. ११४४ शिल्ला थ्व, दशमी ★ सोमबार ★ ७ फागुन, २०८० ★ February 19, 2024, Monday ★ मूल्य रु. ५।- ★ पृष्ठ ८


# स्वार्थ जोडिएका देशकै खर्चमा भ्रमण गराउनु देशको हितमा नहुने



काठमाडौँ, ६ फागुन । प्रधानमन्त्री, मन्त्री, सांसद तथा कर्मचारीहरूलाई स्वार्थ जोडिएका देशमा उसैको खर्चमा भ्रमण पठाउनु नेपालको हितमा हुनेछैन । भारतसँग नेपालको गोर्खा भर्ती, सुरक्षा मामिला, कालापानीमा भारतीय सेना, लिम्पियाधुरासम्मको नक्सा, सुस्तामा नेपाली भूमि अतिक्रमण, कोसी, गण्डक, महाकाली, माथिल्लो कर्णालीलगायत सन्धि र सम्झौताबारे विवाद छ । भारतकै पैसामा प्रधानमन्त्री, मन्त्री, सांसदहरूको भारत भ्रमण भइरहेको देशको हितमा छैन । के प्रधानमन्त्रीलाई भारत भ्रमण गराउन नेपालसँग पैसा छैन र ?

भारतीय दूतावासबाट नेपालमा सोझै २० करोडको योजना छनोट सम्झौता पनि खारेज हुनुपर्छ । भारतले नेपाललाई वार्षिक ५५० करोडबाट ७०० करोड रूपैयाँ सहयोग आउने सार्वजनिक भयो । भारत त्यसरी सहयोग गर्नसक्ने देश हो र ? भारतमा ३६ करोड जनता गरिब छन्, ६० करोड जनता दिनको एकछाक खान्छन्, ४८ प्रतिशत भारतीय शौचालयविहीन छन्, ३० करोड महिला खुला शौच गर्छन् । खुला शौचको कारण महिला बलात्कार बढी हुने देश भारत हो । भारतीय कारागारमा बन्दी बढ्दो छ । भारत सरकारले सहयोगको नाममा नेपालको सूक्ष्म व्यवस्थापनमा हात हाल्दै छ । भारतले आफ्ना गरिब जनताको हित हेर्नु जरूरी छ ।

नीतिगत निर्णयको नाममा भ्रष्टाचारमा संलग्न राष्ट्रपति, प्रधानमन्त्री, मन्त्रीहरूलाई सफाइ दिनु हुँदैन, कारबाही गर्नु आवश्यक छ । शासक दलबिच न्यायाधीश भागबन्डा अन्त्य हुनुपर्छ । नेपाल स्काउट र नेपाल रेडक्रस सोसाइटीमा भएको खर्बौं रूपैयाँको भ्रष्टाचार छानबिन गर्न प्रधानमन्त्रीले साहस गर्नुपर्दछ ।

*(नेपाल मजदुर किसान पार्टीका सांसद प्रेम सुवालले प्रतिनिधिसभाको आकस्मिक समयमा २०८० फागुन ६ गते राख्नुभएको मन्तव्यको सार संङ्क्षेप ।*

*सभामुखले बैठकअघि प्रधानमन्त्रीसँग सूचीमा परेका सांसदहरूको एक घण्टा प्रश्नोत्तर कार्यक्रम भएको हुँदा आकस्मिक समय र विशेष समय उपलब्ध नहुने बताएका थिए । बैठक सुरू भएलगत्तै प्रमुख विपक्षी एमाले र रास्वपाका सबै सांसदहरू आ-आफ्नो स्थानमा उठेर बोल्ने समय माग गरे । सभामुखबाट बोल्ने समय उपलब्ध भएपछि एमालेका महेश बर्तौला र रास्वपाका रवि लामिछानेले बालकुमारी गोली काण्डमा दुई युवाको मृत्युपछिको छानबिन समितिको प्रतिवेदनमा नेकपा एसका भौतिक पूर्वाधार मन्त्री प्रकाश ज्वाला दोषी देखिए पनि प्रम दाहालबाट नहटाइएकोमा आपत्ति जनाएका थिए । नेकाका सांसद दीपक खड्काले नेपाल स्काउटको जग्गा बहालबापत आफूले १३ करोड रूपैयाँ बुझाए पनि हिनामिनाको समाचार प्रकाशित भएकोमा आपत्ति जनाए)*

**प्रधानमन्त्री र मन्त्रीहरू आफ्नै सुरक्षाकर्मीबाट मारिएका उदाहरण पनि छन्**

सरकारले सामान्य अवस्थामा अध्यादेश जारी गर्नु प्रजातन्त्र होइन । यो अध्यादेशमा समेट्नुपर्ने सैद्धान्तिक विषयतर्फ अर्थमन्त्रीको ध्यानाकर्षण गराउन चाहन्छु ।

सङ्घीय संसद् र समितिका बैठकहरूमा संसद्का सदस्यहरूबाट प्राप्त सुझावअनुसार अर्थमन्त्रीले बजेटको कार्यक्रमका सिद्धान्त र प्राथमिकता, सरकारको नीति तथा कार्यक्रम र बजेटसमेत निर्माण गर्नुपर्ने, बजेटको व्याख्यात्मक टिप्पणीमा कुन सांसदको सुझावमा बजेट विनियोजन गरिएको हो सो लेख्नुपर्ने, अर्थमन्त्रीले मनपरी बजेट विनियोजन गर्नु प्रजातन्त्र नहुने प्रावधान आवश्यक छ । संसद् सदस्यको सुझावअनुसार बजेट बनाउनु नै प्रजातन्त्र हुनेछ । अर्थमन्त्रालयको कोष जनताले तिरेको राजस्व हो, अर्थमन्त्रीको पेवा होइन । अर्थमन्त्रीले यो मेरो ढुकुटी हो, कसैलाई छुन दिन्न भन्नु अख्तियारको दुरूपयोग हो ।

बजेटको सिद्धान्त तथा प्राथमिकता, नीति तथा कार्यक्रम र बजेट निर्माण गर्नुअघि सांसदहरूलाई सम्बन्धित निर्वाचन क्षेत्रका जनतासँग सुझाव लिने र प्राप्त सुझावअनुसार अर्थले बजेट बनाउनुपर्ने यो अध्यादेशमा आउनुपर्ने हो, तर आएन । अर्थमन्त्रीले बजेट बनाउँदा विदेशी पुँजीका दलालहरूको सल्लाह सुन्नुहुँदैन ।

प्रधानमन्त्री र मन्त्रीहरूले पनि आ-आफ्नो निर्वाचन क्षेत्रमा गएर जनतासँग सुझाव लिनु जरूरी छ, काठमाडौँमा अड्डा जमाएर जनतालाई बोलाउने ठीक होइन ।

जनताको १ खर्बभन्दा बढी रकम केही सहकारी सञ्चालकहरूबाट ठगी भइरहेको हुँदा ती सञ्चालकहरूको घैघरानाबाट असुलउपर गराउन अर्थमन्त्रीको ध्यानाकर्षण गराउन चाहन्छु ।

भक्तपुरमा रहेको दुग्ध विकास

**बाँकी पृष्ठ ८ मा**

## सिन्ह्वाको टिप्पणी

# हार-हारबाट कसरी बच्ने ? साँचो बहुपक्षवादले जवाफ दिन्छ



पेइचिङ, फेब्रुअरी १७ (सिन्ह्वा) । भर्खरै जारी गरिएको म्युनिख सुरक्षा प्रतिवेदन २०२४ मा पश्चिमले 'हार-हार गतिशीलता' को आगमनको बारेमा चिन्ता व्यक्त गरेको छ जहाँ धेरै सरकारहरूले विश्वव्यापी सहयोगको पूर्ण लाभहरूमा ध्यान केन्द्रित गरिरहेका छैनन् ।

यस्ता चिन्ताहरू गम्भीररूपमा विचार गर्न योग्य छन् । तर, विश्वमा हार-हारको अवस्थालाई उक्साउनको लागि पश्चिमले आफ्नो भूमिकाबारे पुनर्विचार गर्न जरुरी छ ।

पश्चिमले अनिश्चितता र असहजताको सामना गरेको यो पहिलोपटक होइन । युक्रेन सङ्कट र गाजा सङ्कटलगायतका द्वन्द्वको विस्फोट र त्यसका पछिल्ला असरहरूले पश्चिमलाई वर्षौंदेखि अस्थिर बनाएको छ । यस्तो असहजताले भर्खरैका धेरै म्युनिख सुरक्षा सम्मेलनहरूलाई निराशावादको रङ्गले रङ्गाएको छ ।

वास्तवमा, विश्व शान्तिलाई खलबल्याउने अस्थिरता र शत्रुताको प्रकोपको लागि पश्चिम मुख्यरूपमा जिम्मेवार छ । औपनिवेशिकता, हस्तक्षेपवाद र भूराजनीतिक चालबाजीका ऐतिहासिक विरासतहरूले विश्वभरका क्षेत्रहरू र सभ्यताहरूमा अमिट दागहरू छोडेका छन्, गुनासोहरू बढाउँदै र हिंसा र अस्थिरतालाई निरन्तरता दिइरहेका छन् ।

प्रतिवेदनले विश्वव्यापी मामिलामा शून्य योग मानसिकताको विचलित वृद्धिलाई सही रूपमा उल्लेख गरिएको छ । यद्यपि, उदारवादी विचार र प्रजातान्त्रिक सिद्धान्तहरूप्रति आफ्नो वाचाको बाबजुद पश्चिमले विकासहरूमा बाधा पुऱ्याउने र विभाजनलाई निरन्तरता दिने शीतयुद्धको मानसिकताको बन्धनले गम्भीररूपमा बाँधेको छ भन्ने कुरा स्वीकार गर्नु महत्त्वपूर्ण छ ।

दशकौंको भूराजनीतिक प्रतिद्वन्द्वी र वैचारिक द्वन्द्वबाट उत्पन्न शीतयुद्धको मानसिकताले पश्चिमी नीति र रणनीतिक सोचमा बलियो प्रभाव पारेको छ । 'हामीविरुद्ध तिनीहरू' को विभाजनकारी

**बाँकी पृष्ठ ८ मा**

# परिवर्तन गर्न क्रान्तिकारी सिद्धान्त र विचार आवश्यक

काठमाडौँ, ६ फागुन । पुँजीवादी व्यवस्थामा शासक या पुँजीवादी दलका नेताहरू प्रजातन्त्र, न्याय, स्वतन्त्रता र मानव अधिकारको बखान गर्छन् तर तिनै मूल्य र मान्यतालाई कुल्चेर देशको सम्पत्तिमा रजाइँ गर्छन् । भ्रष्टाचार, अनियमितता, कालाबजारी, आपराधिक क्रियाकलाप पुँजीवादी व्यवस्थाकै छायासरह मानिन्छ । व्यक्ति अपहरण गर्ने, बेपत्ता पार्ने, शरीर बन्धक राख्ने, चोरीचकारी, डाँका, करणी, ठगीजस्ता आपराधिक गतिविधि यो व्यवस्थामा भइरहेकै हुन्छ । चर्को ब्याज लिएर र नक्कली कागज बनाएर आर्थिक शोषण गरेर सर्वसाधारण जनताको घर जग्गा हात पार्ने काम देशका सामन्त, शोषक, जमिनदार, पुँजीपति, जालीफटाहाहरूले गरिरहेकै छन् । उनीहरूकै शोषण, दमन र अत्याचारका कारण मिटरब्याज पीडितहरूको आन्दोलन राजधानीसम्म पुगेको हो । उखु कृषकहरूको समस्या पनि हल भएको छैन । उखु कृषकहरूको आफ्नो करोडौँ रकम लिन बाँकी छ । उखु समयमा लिइँदैन । उखु खेतीलाई प्रोत्साहन गरेर नेपाललाई चिनीमा आत्मनिर्भर बनाउनुको सट्टा उखु खेती गर्ने कृषकलाई निरुत्साहित पार्ने, चिनी कारखाना बन्द गर्ने र विदेशबाट ल्याउने दाउ विदेशी दलालहरू रच्छन् । यो नेपाललाई पराधीन बनाउने षड्यन्त्र हो ।

भ्रष्टाचार र अनियमितता बढी हुने देशमध्ये नेपाल पनि पर्छ । भ्रष्टाचार र अनियमितता कम गर्ने, अपराधीहरूलाई कारबाही गर्ने र देशमा व्यवहारत: सुशासन कायम राख्ने प्रयास शासकहरू गर्दैनन् । देशको अर्थतन्त्र आयातमुखी छ । आयात र निर्यातको दूरीको खाडल फराकिलो छ । देशको आयस्रोत घट्दो छ । नेपाल अति गरिब देशमध्येमा पर्छ । देशको नदीनाला विदेशीको हातमा दिने, उद्योग कारखाना विदेशी दलाल या विदेशी व्यापारीलाई सुम्पिने सरकारको नीतिले गर्दा देशको अर्थतन्त्र विस्तारै विदेशी शक्ति राष्ट्रको हातमा गइरहेको छ । देशमा आर्थिक सङ्कट छ । नेपाली युवाहरू बिदेसिने क्रम चालु छ । देशमा गरिबी छ, अभाव छ र महँगी छ । आर्थिक लाभ र अवसरको खोजीमा युवाहरू युद्धग्रस्त देशमा पुगिरहेका छन् । युद्धमा फसेर कति नेपाली युवाहरूको ज्यान गइसकेको छ भने कति अझै बेपत्ता छन् । देशमा तस्करी छ । नीतिगत भ्रष्टाचार छ । भ्रष्ट, दलाल पुँजीपति, अपराधी, ठेकेदारहरूको बोलवाला छ । जनता निराश छन् । तैपनि, पटकपटक सरकारको नेतृत्व गर्ने दलले निकास खोजेको छैन । के यो देशको विडम्बना होइन ?

देशमा न्यायपूर्ण समाजको खाँचो छ । शोषणरहित समाज आजको आवश्यकता हो । देशको शिर सधैँ उचाइमा राख्न देशलाई साँच्चै स्वाधीन र सार्वभौम बनाउन लागिरहनुपर्छ, देशलाई दूरगामी असर पुऱ्याउने कुनै पनि सन्धि तथा सम्झौताको विरोध गरिरहनुपर्छ । देशको विकास गर्न र बहुमत जनताको अनुहार फेर्न नेपाली विशेषताको समाजवादी व्यवस्था आवश्यक छ । नेपालका कम्युनिस्ट पार्टीहरू देश, काल र परिस्थिति सुहाउँदो समाजवादी व्यवस्था स्थापनाका निम्ति गाउँ-ठाउँमा खट्नुपर्छ, जनताको सांस्कृतिक स्तर उठाउनुपर्छ; कम्युनिस्ट पार्टीको सिद्धान्त र विचारबाट जनतालाई सुसूचित पार्नुपर्छ । सचेत र सङ्गठित जनशक्तिको बलमा सङ्घर्ष गरेर परिवर्तन गर्नुपर्छ । परिवर्तन गर्ने काम क्रान्तिकारी विचार बोकेको क्रान्तिकारी दलले मात्र गर्नसक्छ ।


**रक्तदान गरौं, स्वस्थ जीवन बिताऔं**

- तपाईं हामीले दिएको एक युनिट रगतले तीनजनासम्मको ज्यान बच्न सक्दछ,
- हरेक स्वस्थ व्यक्तिले तीन-तीन महिनामा रक्तदान गर्न मिल्दछ,
- १८ वर्षदेखि ६५ वर्षको उमेरसम्म रक्तदान गर्न सकिन्छ,
- रगतको अन्य विकल्प नभएकोले रक्तदान नै एकमात्र उपाय हो,
- रक्तदानमा कुनै धर्म र जात हुँदैन,
- रक्तदान दानमध्ये सबैभन्दा ठूलो दान अर्थात् जीवन दान हो,
- प्रयोगमा नआएको रगत सम्बन्धित ठाउँमा फिर्ता गरौं

आफूले पनि रक्तदान गरौं, अरुलाई पनि रक्तदान गर्न प्रेरित गरौं,

नेपाल सरकार
विज्ञापन बोर्ड



**बिक्रीका लागि राखिएका घ्यु :** जिल्ला समन्वय समिति काभ्रेपलाञ्चोकले बनेपामा आयोजना गरिएको 'बृहत् काभ्रेपलाञ्चोक कृषि महोत्सव-२०८०' मा बिक्रीका लागि राखिएका हिमालयन डेरी एन्ड एग्रोभेट रिसर्च सेन्टर प्रालि कुशादेवी पनौतीले उत्पादन गरेको घ्यू । शुक्रबारदेखि सुरु भएको महोत्सव फागुन ७ गतेसम्म चल्नेछ । *तस्बिर : पेमा लामा/रासस*

# मधुमेहबारे व्याप्त भ्रम चिर्न आवश्यक छ : डा. भट्टराई

काठमाडौँ, ६ फागुन । मधुमेह तथा हर्मोनरोग विशेषज्ञ डा. ज्योति भट्टराईले मधुमेहको जोखिमबाट बच्न स्वस्थ्य एवं सन्तुलित भोजन, शारीरिक व्यायम, तनावमुक्त जीवनशैली र नियमित स्वास्थ्य परीक्षण गर्न सुझाव दिनुभएको छ ।

राष्ट्रिय समाचार समिति (रासस) को ६३ औँ वार्षिकोत्सवको सन्दर्भमा आइतबार यहाँ आयोजित अन्तरक्रिया कार्यक्रममा डा. भट्टराईले मधुमेहबारे समाजमा व्याप्त भ्रम रहेको भन्दै उक्त भ्रम चिर्न आवश्यक रहेको बताउनुभयो । मधुमेह भएकाले सन्तुलित खानापानमा विशेष ध्यान दिनुपर्नेमा उहाँले जोड दिनुभयो ।

पछिल्लो समय मधुमेहका बिरामीको सङ्ख्यासँगै यसको जोखिम पनि बढ्दै गइरहेकोबारे सचेत गराउँदै डा. भट्टराईले मधुमेहका बिरामीले चिकित्सकको सल्लाहबमोजिम मात्र खानपान र औषधिको प्रयोग गर्न सुझाव दिनुभयो ।

"मधुमेह रोगबारे हाम्रो समाजमा धेरै भ्रम र अन्योलता छ । हरियो घाँसमा खालीखुट्टा हिँड्नुपर्छ भन्ने कुरा बिरामीले सुनाउनुहुन्छ । यस्ता बिरामीले स्पोर्टस् जुत्ता लगाउन उपयुक्त हुन्छ । धेरै कस्सिएको र असहज हुने जुत्ता नलगाउने, खुट्टाको नियमित सरसफाइमा ध्यान दिनुपर्छ", उहाँले भन्नुभयो ।

डा. भट्टराईले बजारमा पाइने सुगर फ्रि भनिएका खाद्यान्न खानुभन्दा गाउँघरमा उत्पादित अन्न खानु स्वास्थ्यका लागि स्वस्थकर हुने बताउँदै सरकारले किसानलाई प्राङ्गारिक उत्पादनमा गर्न प्रोत्साहन हुने किसिमका नीति बनाउनुपर्नेमा जोड दिनुभयो । "मकै, भटमास, गेडागुडी, साग, रेसादार फलफुल सेवन गर्नुपर्दछ", उहाँले भन्नुभयो, "मदिरा, बजारमा पाइने पेय पद्धार्थ, चुरोटलगायत हानिकारक वस्तुको प्रयोग नगर्ने हो भने पनि मधुमेहको जोखिमबाट बच्न सकिन्छ ।"

डा. भट्टराईले मधुमेह वंशाणुत र वातावरण गरी दुई कारणले हुने उल्लेख गर्दै स्वस्थ्य जीवनशैली अपनाउँदा यसको नियन्त्रण गर्न सकिने बताउनुभयो । उहाँले उच्च मधुमेहले टाउकोदेखि खुट्टासम्मका विभिन्न भागमा असर पार्ने बताउनुभयो ।

मधुमेहका बिरामीमा थकाई, आलस्य, पिसाब धेरै लाग्ने, तौल घट्ने, खुट्टा पोल्ने, मुख सुख्खा हुने, कमजोरी र घाउ छिटो निको नहुने लक्षण देखिने डा. भट्टराईले जानकारी दिनुभयो । समयमा नै यो रोग नियन्त्रण गर्न सके सक्रिय जीवनशैली अपनाउन सकिने उहाँले बताउनुभयो । झण्डै ५० प्रतिशत बिरामीमा यसको लक्षण नदेखिने उहाँको भनाइ थियो ।

मधुमेह तथा हर्मोनरोग विशेषज्ञ डा. भट्टराईले मोटो मानिसलाई मात्र मधुमेह हुन्छ भन्ने आम बुझाइ रहेको भन्दै दुब्लो व्यक्तिमा समस्या हुनसक्ने भएकाले सबैले नियमित स्वास्थ्य परीक्षण गर्नुपर्ने बताउनुभयो । "मधुमेह जुनसुकै व्यक्तिलाई हुनसक्छ । नियमित परीक्षण गराउनु, सन्तुलित खाना खानु, तनावमुक्त जीवनशैलीसँगै नियमित व्यायाम गर्नु नै यसको प्रभावकारी उपचार विधि हो", उहाँले भन्नुभयो, "प्रत्येक व्यक्तिले सकेसम्म वर्षमा एकपटक यसको परीक्षण गराउनुपर्दछ ।"

बालबालिकामा टाइप-एक र युवाअवस्थामा टाइप-दुई मधुमेहको समस्या धेरै देखिएको डा. भट्टराईको भनाइ थियो । नेपाल राष्ट्रिय कर्मचारी सङ्गठन राससले आयोजना गरेको अन्तर्क्रिया कार्यक्रममा रासस सञ्चालक समितिका सदस्य एवं आलेख प्रमुख कृष्ण अधिकारीले स्वस्थ जीवनशैलीका लागि चिकित्सकसँग सल्लाह लिनुपर्ने बताउनुभयो । उहाँले कर्मचारीका लागि यस्ता अन्तरक्रिया प्रभावकारी हुने भन्दै महिनामा एकपटक स्वास्थ्यसम्बन्धी अन्तर्क्रिया गरिनुपर्ने आवश्यकता औँल्याउनुभयो । रासस

# बनेपामा कृषि महोत्सव चालु

**- स्वस्तिका पौडेल (प्रशिक्षार्थी)**

बनेपा, ६ फागुन । काभ्रे जिल्लाको व्यापारिक नगरी बनेपाको लायकु तथा नालादोबाटोदेखि विद्युत् प्राधिकरणसम्मको सडकमा फागुन ४ गतेदेखि ७ गतेसम्म काभ्रेपलाञ्चोक कृषि महोत्सव २०८० को आयोजना गरिएको छ ।

केही वर्षदेखि काभ्रेपलाञ्चोक जिल्लाबाट उत्पादित आलु, तरकारी, दूध, अण्डा र कुखुराको मासु निर्यात हुँदै आएको छ । तर, कृषकहरूले लागतअनुसारको मूल्य पाउन सकेका छैनन् । दूध र तरकारी बिक्री नहुँदा कृषकहरू पेसाबाट पलायन भएका छन् । काभ्रेपलाञ्चोक जिल्लामा आयोजना हुने बृहत् कृषि महोत्सवले कृषकहरूलाई पेसामा थप आकर्षण गर्ने, कृषि र पशुपालनमा प्रविधि तथा नयाँ यान्त्रीकरणको बारेमा जानकारी गराउन दुई सयभन्दा बढी विभिन्न स्टलमार्फत कृषि र पशुपालनका नयाँ आयामहरूको महोत्सवको आयोजना गरिएको समन्वय प्रमुख दीपकुमार गौतमले जानकारी दिएका छन् ।

कृषकहरूले उत्पादन गरेको कृषि तथा पशुजन्य उपजहरूको महोत्सवमा सहभागी गराई कारोबारमा वृद्धि ल्याउने, कृषकहरूलाई आवश्यक पर्ने प्रविधि, उत्पादन सामग्री एवं औजार उपकरणहरूको प्रदर्शनीमार्फत कृषकहरूको बिचमा विकसित नयाँ प्रविधि एवं सामग्री औजार उपकरणहरूप्रति आकर्षण बढाई उत्पादन लागत घटाउने कृषकहरूलाई प्रोत्साहित गर्न नयाँ उन्नत प्रविधिहरूबारे जानकारी गराउने महोत्सवको उद्देश्य रहेको छ । नयाँ प्रविधि अपनाई नसकेका कृषकहरूलाई नयाँ उन्नत प्रविधि अपनाउन प्रोत्साहन गर्ने, कृषकहरूको मनोबल उच्च राख्न व्यवसायिक कृषकहरूलाई उत्कृष्टताको आधारमा कदर गर्दै सम्मान गर्ने योजना पनि महोत्सवको रहेको छ ।

महोत्सवमा अन्न, च्याउ, मौरी वा मह, नर्सरी तथा आलङ्कारिक बिरूवाहरू, दुग्धजन्य उपज एवं उत्पादन प्रविधि पक्षीजन्य उपज एवं उत्पादन तथा प्रविधि, मासुजन्य उत्पादन र मत्स्यजन्य परिकार उत्पादन र प्रशोधनसँग सम्बन्धित उपकरणहरू उच्च प्रविधियुक्त संरचनामा आधारित उत्पादन सामग्री, जैविक मल, प्राङ्गारिक मल उत्पादन तथा परिवारहरू वित्तीय सेवा कर्जासम्बन्धी, होमस्ते एवं लघु तथा साना उद्यमीहरूको स्टल रहेको छ ।

# मानसिक स्वास्थ्य : आजको आवश्यकता

**- यमुना कार्की (प्रशिक्षार्थी)**

काठमाडौँ, ६ फागुन । आजभोलि सामाजिक द्वन्द्व, आर्थिक मन्दी, विकृतिजस्ता समस्याका कारण आत्महत्या एक जल्दोबल्दो समस्या बनेको छ । आत्महत्यामात्र नभई हत्या, हिंसा, चोरी आदि गैरकानुनी क्रियाकलाप पनि बढ्दै गएको छ । कुनै पनि व्यक्तिको हरेक क्रियाकलापमा उक्त व्यक्तिको मानसिकताले गहिरो भूमिका खेलेको हुन्छ । बदलिँदो नेपाली समाजमा प्रविधिको विकासले सकारात्मक त छँदै छ, यसले नकारात्मक असर पनि पुऱ्याएको छ । अनलाइन गेम, अनलाइन सञ्चार माध्यम, वेभसाइट आदिको प्रयोगले मानिस विशेषगरी बालबालिकाको मानसिकतामा गम्भीर असर पुऱ्याएको छ ।

मानसिक स्वास्थ्य आजको आवश्यकताको क्षेत्र हो भन्ने कुरा केही दिनअघि इमाडोलमा घटेको आत्महत्याको घटनाबाट जान्न सकिन्छ । उक्त घटनामा एउटी आमा आफ्ना २ सन्तानको घाँटी थिची हत्या गरेर आफू घरको छतबाट हाम फालेर आत्महत्या गरेकी थिइन् । त्यसैगरी गत हप्ता अमेरिकामा रहेका एक नेपालीले हात्महत्या गरेका छन् । आजको विज्ञान र प्रविधिको व्यस्त समाजमा मानिस मानसिकरूपमा पनि स्वस्थ रहन आवश्यक छ ।

मानसिक स्वास्थ्यलाई आजको आवश्यकता मान्दै टी.पी.ओ, पिस अफ माइन्ड, मानसिक अस्पतालजस्ता सरकारी संस्थाले काम गर्दै आइरहेका छन् । त्यसमध्ये मानसिक अस्पतालसँग मिलेर टी.पी.ओ. नेपालले ११६६ राष्ट्रिय हेल्पलाइन नम्बर सञ्चालमा ल्याएको छ । ११६६ ले २४ घण्टा नि:शुल्क फोन काउन्सिलिङ सेवा प्रदान गर्दछ । विश्वविद्यालयमा मनोविज्ञान विषयमा अध्ययनरत विद्यार्थीले पनि मानसिक स्वास्थसम्बन्धी शिक्षामूलक कार्यक्रमहरू सञ्चालन गर्दै आइरहेका छन् । सरकारले पनि शारीरिक क्षेत्रमा जस्तै मानसिक स्वास्थ्यको क्षेत्रमा ध्यान पुऱ्याइदिएमा अन्य संस्थाले गरेको कार्य प्रभावकारी हुनसक्छ ।

# भारतले २० करोड रकम सिधै खर्च गर्ने सम्झौता देशघाती

ललितपुर, ६ फागुन । नेपाल मजदुर किसान पार्टी गोदावरीको आयोजनामा नेमकिपाको परिषद्बारे एक अन्तरक्रियात्मक छलफल कार्यक्रम शनिबार भयो ।

कार्यक्रममा नेमकिपाका वैकल्पिक केन्द्रीय सदस्य एनबी श्रेष्ठले भन्नुभयो, "व्यापक कामदार जनताको सेवाको लागि बढीभन्दा बढी युवा समुदाय राजनैतिकरूपमा सचेत भई एक असल सामाजिक कार्यकर्ता बनेर समाज परिवर्तनमा लाग्न आवश्यक छ । पार्टीसँग जीवित सम्पर्कमा रहेर राष्ट्रिय र अन्तर्राष्ट्रिय विषयमा सुसूचित हुनु जरुरी छ । अन्धविश्वासको विरोध गर्नु आवश्यक छ ।"

उहाँले भारतीय दूतावासले नेपालमा २० करोड रुपैयाँसम्मको योजना बनाई सिधै खर्च गर्ने र नेपालको दस हजार मेघावाट बिजुली भारतलाई दिने पुस १९ गतेको सम्झौता देशघाती भएकोले खारेज गर्नुपर्ने र नेपाली भूमि डुबानमा पर्ने गरी सिमानामा अन्तर्राष्ट्रिय कानुनविपरीत भारतले एकतर्फी बनाएका बाँधहरू भत्काउनुपर्नेमा जोड दिनुभयो ।

उहाँले नेपालको हितविपरीतका कोसी, गण्डक, महाकाली, माथिल्लो कर्णाली, मुगु कर्णाली, अरुण तेस्रो, तल्लो अरुण, अरुण चौथो, पश्चिम सेती, सेती नदी १, फुकोट कर्णाली, पञ्चेश्वरलगायतका सन्धि सम्झौता खारेज गर्नुपर्ने, नेपाली भूमि कालापानीमा बसेका भारतीय सेनालाई तत्काल हटाउनुपर्ने, नेपाललाई भारतको सुरक्षा छातामा राख्ने सन् १९५० को नेपाल-भारत सन्धि खारेज गर्नुपर्ने, नेपाल-भारतबिचको खुला सीमा बन्द गरी नियमन गर्नुपर्नेबारे आवाज उठाइरहनुपर्ने आवश्यकता छ भन्नुभयो ।

उहाँले युवाहरूले क्रान्तिकारी नेताहरूको जीवनी, विश्वका मजदुर र कम्युनिस्ट आन्दोलनहरूबारे अध्ययन र अन्तरक्रिया निरन्तर गर्नु जरुरी छ भन्नुभयो ।

नेमकिपा ललितपुरका अध्यक्ष राजवीर डंगोलले भन्नुभयो, "कम्युनिस्ट मकुन्डो लगाएका एमाले, माओवादी, राजमो र नेकपा (एस) विदेशी पुँजीको सेवा गर्ने पार्टी नेकाको बाटो लिएबाट अब नेपालमा कम्युनिस्ट विचार बोकी जनतालाई राजनैतिकरूपले सचेत र सङ्गठित गर्ने जिम्मेवारी नेमकिपाका कार्यकर्तामाथि थपिएको छ ।"

उहाँले भन्नुभयो, "पार्टी सचिव प्रेम सुवालले संसद्मा भारतले नेपालको सीमा मिचेको, कालापानीमा सेना राखेको, भारतीय एकाधिकार पुँजी लादेकोको विरुद्ध निरन्तर आवाज उठाइरहनुभएको छ तर सरकार कानमा तेल हालेर भारतीय दलाल पार्टी साबित गर्दै छ ।"

नेमकिपा ललितपुरका उपाध्यक्ष अशोक महर्जनले युवाहरूलाई स्वदेशमा रोजगारीको व्यवस्था गर्ने नीति नराख्दा वैदेशिक रोजगारको नाममा सस्तो ज्यामी बन्नुपरेको, ठगीमा पर्नु परेको, ज्यान गुमाउनुपरेको छ, त्यसको पछिल्लो उदाहरण इजरायलमा कमाउने र सिक्ने नाउँमा गएका १० नेपाली युवाले ज्यान गुमाउन परेको उल्लेख गर्नुभयो ।

उक्त कार्यक्रममा नेमकिपा गोदावरीका विष्णुभक्त महर्जन, सुजिना महर्जन, सजीव महर्जन, एसके महर्जनले पनि बोल्नुभयो ।

# ख्वप बास्केटबल, वक्तृत्वकला र चित्रकला प्रतियोगिता सम्पन्न

भक्तपुर, ६ फागुन । ख्वप मा.वि.को २४ औँ, ख्वप कलेजको २२ औँ र ख्वप कलेज अफ लको पहिलो वार्षिक उत्सव कार्यक्रमको अवसरमा भइरहेको अन्तरविद्यालय/कलेज बास्केटबल प्रतियोगिता आइतबार सम्पन्न भयो ।

उक्त प्रतियोगितामा विद्यालयस्तरीय बास्केटबलअन्तर्गत छात्रतर्फ सैनिक मा.वि. पहिलो र ओम ज्ञान मन्दिर दोस्रो भए भने छात्रातर्फ निस्ट स्कूल बनेपा पहिलो र ओम ज्ञान मन्दिर दोस्रो भए ।

प्लस टुस्तरीय बास्केटबल प्रतियोगिताअन्तर्गत छात्रतर्फ काठमाडौँ वर्ल्ड स्कूल पहिलो र बेलर स्कूल दोस्रो भए भने छात्रातर्फ ख्वप माध्यमिक विद्यालय पहिलो र काठमाडौँ वर्ल्ड स्कूल दोस्रो भए ।

कलेजस्तरीय बास्केटबल प्रतियोगिताअन्तर्गत छात्रतर्फ आदर्श जनप्रेमी पहिलो र चाणक्य कलेज दोस्रो भए भने छात्रातर्फ जनप्रेमी कलेज पहिलो र भक्तपुर बहुमुखी क्याम्पस दोस्रो भए ।

त्यस्तै विद्यालयस्तरीय चित्रकलातर्फ साइनिङ एकेडेमीका कृतन दथेपुथे पहिलो, नेपाल प्रहरी स्कूलका नविन गुप्ता दोस्रो, जेन्युइन सेकेन्डरी स्कूलका जोहेन कायष्ठ तेस्रो भए भने ख्वप माध्यमिक विद्यालयका विद्यार्थीद्वय आकृति लघु र पेम्बा लामा सान्वना भए ।

विद्यालयस्तरीय वक्तृत्वकला प्रतियोगितातर्फ नेपाल प्रहरीकी इशानदेव कार्की पहिलो, वागीश्वरी मा.वि.की विनिता तामाङ दोस्रो र भेडिक स्कूलका अङ्कित खड्का र बनेपा निष्ट स्कूलकी सन्ध्या खनाल संयुक्तरूपमा तेस्रो भए ।

विजयी विद्यार्थीहरूलाई पुरस्कार वितरण फागुन ९ गते हुने विद्यालय/कलेजको वार्षिक उत्सवको उद्घाटन समारोहमा हुने र वार्षिक उत्सव कार्यक्रमकै अवसरमा विद्यालय/कलेजले फागुन १० गते शैक्षिक प्रदर्शनी कार्यक्रम हुने विद्यालय/कलेजले जनाएको छ ।

# विश्व कविता दिवसमा कविता महोत्सव गरिँदै

काठमाडौँ, ६ फागुन । साहित्य सदन नेपालले विश्व कविता दिवसका अवसरमा राष्ट्रव्यापी कविता महोत्सव गर्ने भएको छ । जन प्रज्ञा-प्रतिष्ठानका रूपमा स्थापित सदनले यही फागुन ८ गते राष्ट्रव्यापी कविता महोत्सव गर्न लागेको हो ।

सदनका अध्यक्ष प्रा. डा. हेमनाथ पौडेलले उक्त दिन प्रतियोगी कविका साथै अतिथि कविका कविता वाचन, विमर्शका तथा महोत्सव हुने बताउनुभयो । उहाँका अनुसार प्रतियोगितामा प्रथम हुनेलाई रु. ३० हजार, द्वितीय हुनेलाई रु. २० हजार र तृतीयलाई रु. १० हजारको पुरस्कार दिइनेछ ।

## सच्याइएको छ

फागुन १ गतेको यस 'मजदुर' दैनिकमा प्रकाश नेपालद्वारा लिखित 'सोम मिश्रको वाहियात गफ' शीर्षकको लेखमा सरोज मिश्र हुनुपर्नेमा सोम मिश्र हुन गएकोले सच्याइएको छ ।- सं

# नवलपुरका किसानलाई चैते धान रोप्न भ्याइनभ्याइ

मध्यबिन्दु (नवलपरासी), ६ फागुन । नवलपरासी (बर्दघाट सुस्तापूर्व) मा सिँचाइको सुविधा पर्याप्त भएको र सिमसार क्षेत्रका किसान अहिले चैते (हिउँदे) धान लगाउन व्यस्त छन् । दुई बाली धान लगाउन मिल्ने जिल्लाका विभिन्न स्थान र सिमसार क्षेत्रका किसानलाई अहिले धान रोप्न भ्याइनभ्याइ छ ।

मकैभन्दा धान उत्पादन राम्रो हुने र दुई बाली धान लगाउँदा एक बालीको धान बिक्री गरेर आम्दानी गर्न सकिने भएकाले किसानहरू यसतर्फ आकर्षित भएका हुन् । विगत चार वर्षदेखि जिल्लाको गैंडाकोट, देवचुली, कावासोती, मध्यबिन्दु नगरपालिका र विनयी त्रिवेणी, बुलिङटार, बौदीकाली गाउँपालिकामा चैते धान खेतीको ब्लक क्षेत्र छुट्टयाएर खेती सुरु गरिएको कृषि ज्ञान केन्द्र नवलपुरका प्रमुख कुलप्रसाद तिवारीले बताउनुभयो ।

"जिल्लाको कावासोती नगरपालिका-८ देखि १७, गैँडाकोट नगरपालिका-१०, ११, १२ र १३, देवचुली नगरपालिका-१७, मध्यविन्दु नगरपालिका-२ र ३, विनयी त्रिवेणी गाउँपालिका-१ र ५, बुलिङटार गाउँपालिका-३ र बौदीकाली गाउँपालिका-४ मा हिउँदे धान खेती हुने गरेको छ", उहाँले भन्नुभयो ।

कृषि ज्ञान केन्द्र नवलपुरले चैते धान उत्पादन हुने सिँचाइ सुविधा पुगेको तथा पर्याप्त क्षेत्रफल भएको स्थानमा धानको पकेट क्षेत्र निर्माण गरी किसानलाई प्रोत्साहन गर्दै आएको छ । बर्खे धानको तुलनामा चैते धानको उत्पादन राम्रो हुने भएकाले पनि चैते धानतर्फ किसानको आकर्षण बढेको प्रमुख तिवारीले बताउनुभयो ।

उहाँले भन्नुभयो, "यस वर्ष एक हजार तीन सय २५ हेक्टर क्षेत्रफलमा चैते धान खेती हुने भएको छ । गतवर्ष भन्दा अहिले एक सय १५ हेक्टर क्षेत्रफलमा विस्तार भएको छ ।" जिल्लामा गतवर्ष एक हजार दुई सय १० हेक्टर क्षेत्रफलमा चैते धान रोपाइँ हुँदा ६ हजार एक सय २३ मेट्रिक टन धान उत्पादन भएको थियो ।

बर्खे धान प्रतिहेक्टर तीन टनभन्दा बढी उत्पादन हुनेमा चैते धान प्रतिहेक्टर तीनदेखि चार टनसम्म उत्पादन हुने प्रमुख तिवारीले जानकारी दिनुभयो । "चैते धानमा रोग तथा कीरा पनि कम लाग्ने भएकाले किसानका लागि यो राम्रो मानिन्छ", उहाँले भन्नुभयो, "जिल्लामा विशेष गरी चैते-५ र हर्दिनाथ-१ जातको चैते धान रोप्ने गरिन्छ ।"

# प्रतिनिधिसभामा 'अनुगमन तथा मूल्याङ्कन विधेयकसम्बन्धी प्रतिवेदन' पेस

काठमाडौं, ६ फागुन : प्रतिनिधिसभाको आजको बैठमा राष्ट्रियसभामा उत्पत्ति भएको 'अनुगमन तथा मूल्याङ्कन विधेयकसम्बन्धी प्रतिवेदन, २०८०' पेस भएको छ । बैठकमा राज्यव्यवस्था तथा सुशासन समितिका सभापतिका सभापति रामहरि खतिवडाले उक्त प्रतिवेदन पेस गर्नुभएको हो । प्रस्तुत प्रतिवेदनमा सांसदहरूको भावनालाई अधिकतम समेट्ने प्रयास गरिएको सभापति खतिवडाले बताउनुभयो ।

# बँदेलको कारण खेतीपातीमा समस्या

**- लक्ष्मी तामाङ (प्रशिक्षार्थी)**

भक्तपुर, ६ फागुन । भक्तपुरको सिपाडोल मालिगाउँ वडा नं ८ का स्थानीय बासिन्दाहरूले खेतीपातीमा समस्या व्हार्दै आएका छन् । त्यहाँका बासिन्दाहरूलाई खेतीपाती गर्न असाध्यै गाह्रो भएको छ । रातदिन मेहनत गरेका किसानहरूको खेतीपातीमा बँडलले क्षति पुऱ्याएको छ ।

आर्थिक अवस्थालाई सहज बनाउने एक आधार खेतीपाती हो तर त्यही आधार नै बँडेलको कारण धेरै समस्या व्हार्दै आएको आइते तामाङले बताएका छन् । अघिल्लो वर्ष धेरै उब्जाउ भएको थियो । अहिले त्यसको आधीको पनि छैन । जीवन गुजार्ने एउटा आधार बँडेलको कारण खेतीपातीमा नोक्सान पुगेको हो ।

स्थानीय बासिन्दा लालबहादुर तामाङको भनाइअनुसार खेतीपाती गर्न निकै कठिनाइ छ । विदेश नगएर स्वदेशमै विभिन्न प्रकारको खेती व्यवसाय गर्छु भनेर बसेका युवाहरू खेती उब्जाउ राम्रोसँग नहुँदा दुखित छन् । यसरी युवाहरू बेरोजगार भएर गाउँ घरमै बस्न बाध्य छन् ।

# बिदेसिनुभन्दा नेपालमा कृषि व्यवसाय गर्ने युवाको सोच

**- अनिषा श्रेष्ठ (प्रशिक्षार्थी)**

सिन्धुपाल्चोक, ६ फागुन । सिन्धुपाल्चोक नगरपालिका- वडा नं. १४ डडुवाका युवराज नेपाल गोलभेँडा खेतीमा आबद्ध छन् । उनका अनुसार नेपालमै बसेर कृषि व्यवसायलाई विकास र समृद्धि गराउने सोच राख्नुपर्छ । बिहानै मोटरसाइकलमा साँगाचोक बजारका विभिन्न ठाउँमा पुगेर गोलभेँडा बिक्री गर्नु उनको दिनचर्या बनेको छ । रोजगारीको सिलसिलामा बिदेसिएका युवाहरू स्वदेशमै फर्केर गोलभेँडा खेती उत्पादनमा लागेका छन् ।

कक्षपतिले केवल अनेक सुविधा सम्पन्न हरियो डाँडाकाँडा, मलिलो माटो छोडी जागिरको लागि बिदेसिनुभन्दा नेपालमै बसेर नवीन कृषि प्रविधिहरू ल्याउने, स्थानीय उत्पादनलाई प्रोत्साहन गर्ने, उत्पादन बढाएर विकास गर्ने काममा लाग्नुपर्छ । उनले हाल पशु तथा कृषि फार्म स्थापना गरी पशुपालन गरिरहेका छन् । उनको फार्ममा १० वटा भैंसी र तिनका पाडापाडी छन् । उनी केही दूध डेरी पसलमा दिन्छन् भने बाँकी दूध घरघर लगेर बिक्री गर्छन् ।

रोजगारीको अवसरमा मलेसिया र कतारमा केही समय बिताएका ३४ वर्षे सुजन श्रेष्ठले वि.सं. २०७४ सालदेखि वैदेशिक रोजगार छाडेर काउली खेती उत्पादनमा लागेका छन् । उनले भने, "मलेसियामा दुई वर्ष काम गरेँ, त्यहाँबाट फर्केपछि कामको खोजीमा कतार पुगेँ । तर, त्यहाँ भनेजस्तो काम नपाएपछि नेपालमा बसेर कृषि व्यवसाय काउली खेती गर्ने योजना बनाएँ ।" उनले काउली खेतीबाट हाल मासिक रु. १ लाख २० हजार आम्दानी गरिरहेका छन् । उनले हाल २ जनालाई रोजगारी पनि दिएका छन् ।




**सडकमा दूध पोखेर विरोध प्रदर्शन गर्दै किसान :** भरतपुरको केन्द्रीय बस टर्मिनल चोकस्थित सडकमा आइतबार दुग्ध उत्पादक सहकारीका किसानले दूध पोखेर विरोध प्रदर्शन गर्दै । लामो समयसम्म भुक्तानी नपाएको र जिल्लाबाट उत्पादित दूधको बजारीकरणमा समस्या भएको भन्दै सहकारीका किसानले सडकमा ८० लिटर दूध पोखेर विरोध जनाएका हुन् । *तस्बिर : सनद अधिकारी/रासस*

# मातातीर्थको ल्हाँखा दबुमा सोमबार सिकाली नाच प्रदर्शन गरिँदै

काठमाडौं, ६ फागुन । चन्द्रागिरि नगरपालिका-८ मातातीर्थस्थित ल्हाँखा दबुमा सोमबार रूद्रायणी (काली देवीको) को ऐतिहासिक १२ वर्षे सिकाली नाच प्रदर्शनी गरिने भएको छ । ललितपुर महानगरपालिका खोकनामा रहेको रूद्रायणीदेवी मन्दिरको गुठीयार (सिकाली नृत्यसँग सम्बन्धित गुठीयार) ले सो स्थानमा नाच देखाउने छन् ।

यसका लागि आज साँझ ती गुठीयार (देवगण) लाई कीर्तिपुरस्थित जलविनायकमा स्वागत गरेर नाचस्थलमा ल्याइने जनाइएको छ । देवगण पैदलै ल्हाँखा आउने परम्परा रहिआएको छ । करिब एक सय ३० वर्षपछि विसं २०६८ मा सो दबुमा सिकाली नाच प्रदर्शनी गरिएको थियो । आर्थिक अभावका कारण लामो समयसम्म सो नाच रोकिन पुगेको जनाइएको छ ।

चन्द्रागिरि नगरपालिकाका प्रमुख घनश्याम गिरीको विशेष पहल र नगरपालिकाद्वारा नाचका लागि आवश्यक केही रकम विनियोजन गरिएपछि सो ऐतिहासिक नाचले चन्द्रागिरिमा निरन्तरता पाएको हो । काठमाडौंको पश्चिम भेगको मातातीर्थको ल्हाँखामा मात्र सिकाली नाच प्रदर्शनी गरिने परम्पार रहिआएको छ । नगरप्रमुख गिरीले आज ल्हाँखा दबु परिसरमा निर्मित फल्चाको उद्घाटनसमेत गर्नुभयो । नगरपालिकाको आर्थिक सहयोगमा सो फल्चाको पुनः निर्माण गरिएको हो । सो अवसरमा उहाँले चन्द्रागिरिको जीवन्त कला, संस्कृति तथा नाचलाई संरक्षण गर्न नगरपालिकाले उच्च प्राथमिकता दिएको जानकारी दिँदै यसको फलस्वरूप सिकाली नाचलाई निरन्तता दिएको बताउनुभयो ।

**यस्तो छ सिकाली नाचको ऐतिहासिक पक्ष**

काठमाडौं उपत्यकाको दक्षिणी भेगमा अवस्थित पुरानो नेवा: बस्ती खोकनामा मनाइने रूद्रायणी देवीको जात्रा (सिकाली नाच) हरेक १२ वर्षमा खोकना बाहिर पुग्ने गरेको छ । पन्ध्रौँ शताब्दीमा तत्कालीन राजा अमर मल्लले रूद्रायणी देवीको मन्दिरको स्थापना गर्न लगाउनुभएको किंवदन्ती रहेको छ । वर्षको दुईपटक सिकाली देवीको जात्रा गर्ने परम्परा रहेको छ । उक्त जात्रामा ४६ देवगणको पुजाआजा गर्ने तथा जाभु (भ्वज) खुवाउने परम्परा पनि निरन्तर चलिआएको बताइएको छ ।

प्रत्येक १२ वर्षमा मात्र बाहिर आउने देवगणहरूले जात्राका क्रममा १४ देवीदेवता (रूद्रायणी, भैरव, कुमारी, गणेश, बह्मा, विष्णु, महादेव, इन्द्रायणी, बाराही, चामुण्डा काली, महालक्ष्मी, कुमार, हनुमान र शक्तिकुमार) को नाच देखाइन्छ । यसमा नाच्ने मुख्य ४६ जना देवगणमध्ये १४ देवदेवीको भूमिकामा रहन्छन् ।

सृष्टि, स्थिति र संहारका मङ्गलकारिणी रूद्रायणीदेवीको शक्तिको महिमा दर्शाउने यो शास्त्रीय नृत्यको मुख्यभाव देवी र दानवबीचको युद्धलाई दर्शाउनु रहेको चन्द्रागिरि -८ का भुयद्र महर्जनले जानकारी दिनुभयो छ । उहाँका अनुसार नृत्यगणमा रूद्रायणी, महादेव, गणेश, कौमारी, इन्द्रायणी, महालक्ष्मी, हनुमान, सनतकुमार, सिंहिनी, व्याघ्रिनी, ध्वंचः (स्याल देवता), खिचा ह्यः (कुकुर देवता), महिषासुर दैत्य र यक्ष टोली बाजासहित सरिक हुन्छन् । नृत्य टोलीमा भाग लिने सबै पात्रले मुजा परेको सेतो जामा, भोटो, पटुका, पगडी र थ्यागा (पट्याएको पछ्यौरा) लगाएका हुन्छन् । चन्द्रागिरि-८ का वडाध्यक्ष प्रल्हाद रिजाल एवं सिकाली जात्रा व्यवस्थापन समितिका अध्यक्ष धर्मानन्द श्रेष्ठले ऐतिहासिक सिकाली नाच प्रदर्शनीका लागि आवश्यक सबै तयारी पूरा भएको जानकारी दिनुभयो । (रासस)

# संरक्षणको पर्खाइमा चौबिसेका ताल

धनकुटा, ६ फागुन । धनकुटाको चौबिसे गाउँपालिकामा रहेका ताल संरक्षणका पखाइमा रहेका छन् । धेरैजसो निजी स्वामित्वमा रहेका यी तालहरूको व्यक्तिले उपयोग नगर्ने र संस्थागत प्रयोजनामा आउन नसक्दा यसको प्रवर्द्धन हुनसकेको छैन ।

संरक्षण अभावमा पालिकाको केन्द्रमा रहेको वडा नं ६ स्थित राजारानी बजारमा रहेको राजा र रानी तालमध्ये राजातालको पाँच सय रोपनीभन्दा बढी क्षेत्रफल दलदलमा सीमित रहेको छ । तालको रानीताल क्षेत्र २०६३ सालबाट एक सय ५० रोपनीमा संरक्षण गरिए पनि सँगै जोडिएको राजाताल भने जग्गादाताले सहकार्य नगर्दा संरक्षण गर्न नसकिएको मावरक रानीताल संरक्षण समितिका अध्यक्ष टेकरत्न चेम्जोङले जानकारी दिनुभयो ।

पैसट्ठी घरधुरीको जमिनलाई सहकारीमा कायम गरेर संरक्षण थालिएको रानीताल क्षेत्रको बृहत् विकासका लागि गाउँपालिकाले विस्तृत परियोजना प्रतिवेदन (डीपीआर) गरिसकेको छ । तर सँगैको राजातालको जमिन जग्गादातासँगको सहकार्य नमिलेका कारण ताल निर्माण गर्न नसकिएको चौबिसे पर्यटन विकास समितिका अध्यक्षसमेत रहनुभएका चेम्जोङले जानकारी दिनुभयो ।

त्यस्तै गाउँपालिकाको वडा नं २ को शौरेबजारसँगै रहेको धप्पड तालसँगै रहेको टिठुङ ताल पनि संरक्षणको पर्खाइमा रहेको छ । गाउँपालिकाले गत वर्षबाट रु. ४ करोडको लागतमा ५२ रोपनीमा फैलिएको धप्पडताल संरक्षणको काम सुरू गरेको छ । तर, सँगै रहेको टिठुङताल बजेटको अभाव हुँदा संरक्षण गर्न नसकिएको गाउँपालिकाका अध्यक्ष राजकुमार लिम्बुले जानकारी दिनुभयो ।

त्यस्तै पालिकाको वडा नं १ सानो मुक्तुरामा रहेको काइङडातालको पनि पूर्णरूपमा संरक्षण हुन नसकेको पूर्ववडाध्यक्ष श्रीकृष्ण श्रेष्ठले जानकारी दिनुभयो । व्यक्तिको नाममा रहेको करिब ४० रोपनी क्षेत्रफलमा फैलिएको यो तालको दुई वर्षअघिबाट संरक्षण थालिए पनि बजेट अभावमा यसको पूर्णरूपमा प्रवर्द्धन गर्न नसकिएको उहाँको भनाइ छ ।

पालिकाको वडा नं १ को स्याङ्दन गाउँमा दुई सय रोपनीमा फैलिएको रानीपोखरी ताल अलपत्र अवस्थामा रहेको छ । व्यक्तिको नाममा रहेको यो पोखरी आंशिकमात्र खेतीपाती गरिएकाले अधिकांश तालक्षेत्र दलदल र सिमसार रहेको छ । यस क्षेत्रका अधिकांश जग्गाधनी तराईमा रहेकाले आफ्नो कार्यकालमा गरेको पहल पूरा हुन नसकेको पूर्वगाउँपालिका उपाध्यक्ष यज्ञकुमारी रूचालले जानकारी दिनुभयो ।

तालको संरक्षण गर्न व्यक्तिका जमिनलाई सहकारीमा लाने प्रक्रियाको सुरू गरिसकिएकाले ताल निर्माणको काम अब अघि बढ्ने पालिका अध्यक्ष लिम्बुले जानकारी दिनुभयो । त्यस्तै पालिकाको वडा नं १ स्थित छ नम्बर बुधबारे बजार नजिक पूर्वमा करिब ४० रोपनीमा रहेको गडेरताल पनि संरक्षण अभावमा दलदलमा सीमित छ । व्यक्तिको नाममा रहेको यो तालको संरक्षणका लागि गाउँवासीले केही वर्षअघि जमिन दिने निर्णय गरे पनि तालबाट आउने आम्दानीका विषयमा पालिकासँग कुरा नमिल्दा ताल बन्न नसकेको वडाध्यक्ष देवेन्द्र क्षेष्ठले जानकारी दिनुभयो ।

हाल उक्त स्थान र रानीपोखरी तालमा कृषि मन्त्रालयबाट माछापालनका लागि सर्वेक्षण भइरहेको उहाँले जानकारी दिनुभयो । "पानी र जमिन त्यसै खेर जान दिनुभन्दा हामी पर्यटनको विकल्पमा माछापालन गर्ने कि भन्ने सोचमा छौं", अध्यक्ष श्रेष्ठले भन्नुभयो ।

यी ताल निर्माणाधीन एक सय किलोमिटर भेडेटार-रवि-राँके राजमार्गको पहुँचमा रहेकाले यहाँका तालको संरक्षण र प्रवर्द्धन गर्नसके यस पालिका क्षेत्रलाई तालैतालको पर्यटकीय गन्तव्यका रूपमा विकास गर्न सकिने देखिन्छ । गएको पाँच वर्षमा यसको प्रवर्द्धन गर्न खोजिए पनि पर्याप्त बजेट अभावमा तालहरूको संरक्षणका लागि व्यक्तिसँग समन्वयन गर्न कठिन हुँदा ताल संरक्षणको काम अधुरै रहेको पालिका पूर्व अध्यक्ष खजिन्द्र राईले जानकारी दिनुभयो ।

यसका लागि पालिकाले सबै ताललाई पर्यटकीय गन्तव्यका रूपमा विकास गर्न आफू र पालिकाले काम गरिरहेको गाउँपालिका अध्यक्ष राजकुमारले जानकारी दिनुभयो । (रासस)

। सम्पादकीय ।

# यस्तो निराशा किन ?

नेपालका केही बुद्धिजीवीहरू आलोचनात्मक दृष्टिकोणको अभावमा भन्ने गर्छन्, "देश सकियो, सबै समाप्त भयो ।"

उनीहरू भन्छन्, "८० लाख युवाहरू विदेश भासिँदै छन्, सबै स्वार्थी छन् र नि:स्वार्थी कोही छैनन् ।" आदि ।

के यो सत्य हो ?

निश्चय पनि ७०-८० लाख युवाहरू बिदेसिँदै छन् । यसको दोषी डा. रामशरण महत र नेपाली काङ्ग्रेसको सरकार हो, जसले हरेक निर्वाचन क्षेत्रबाट २-२ सय युवाहरूलाई श्रमिकको रूपमा विदेश पठाउने बजेट ल्याए ।

त्यही सरकारले म्यानपावर कम्पनीलाई मान्यता दियो; राहदानी प्रदान गर्न खुकुलो नीति लियो र म्यानपावर कम्पनीका दलालहरू (गल्लावालाहरू) गाउँ गाउँमा खटायो; लोभलालच देखायो; गरिबहरूको घर खेत बन्धकीमा लियो र सस्तोमा किन्यो । २५ प्रतिशत जति युवाहरू ठगिए । म्यानपावर कम्पनी, दलाल राहदानी (पासपोर्ट) दिने कार्यालयका कर्मचारी र बिचौलियाहरूले देश र जनतालाई ठगे ।

देश बर्बाद भयो भन्ने बुद्धिजीवीहरूले आफूले देखेको र बुझेको विषयमा किटानसाथ किन भन्न डराउँछन् ? थाहा छैन । अहिले अनेक काण्डहरूमा सरिक प्रधानमन्त्री, मन्त्री र अन्य व्यक्तिका नामहरू आएका छन्; शासक दलका नामहरू जनताले किटान गरेका छन् र समाचार पत्रहरूले खुलासा गरेका छन् । अख्तियार दुरूपयोग अनुसन्धान आयोगले पनि नाम नामेसी किटान गरेको छ । अदालतबाट सफाइ दिएका समाचारहरू पनि आइरहेका छन् र अदालतप्रति जनताले संशय, त्रास र अविश्वासको आँखाले हेर्दै छन् । यो अन्तिम फैसला नहोला ! यसको माथि अपिल लाग्ला, 'देशको ऐन कानुनको दस वटा मुख छ' भन्ने उखान मानिसहरू बताउँछन् ।

कोही भन्छन्, "नि:स्वार्थी मानिस कोही पनि छैनन् ।"

यो भनाइ पनि पूर्णरूपले सत्य छैन, किनभने 'सबैलाई स्वार्थी देख्ने मानिसहरू' पनि नि:स्वार्थी छैनन् र !?

सम्भवत: निराश भएका वा आफूले चाहेका पदहरू नपाएर मात्रै आफ्नो स्वार्थ पूरा गर्न पैसा माग्ने बिचौलिया, दलाल, माथिल्ला राजनीतिक कार्यकर्ता, कर्मचारी वा सिंहदरबारमा बस्नेहरूतिर सङ्केत गरेको हुनसक्छ । त्यसो हो भने बुद्धिजीवीहरू निडर भएर किन भन्दैनन् ? बुद्धिजीवीहरूले उत्तर दिनेछन्, "हामी कुनै दलमा छैनौँ, हामी कुनै शक्तिको पछाडि छैनौँ, डर लाग्नु वा ज्यानको माया लाग्नु स्वाभाविक छ ।"

तब साधारण जनताले बुद्धिजीवीहरूसँग प्रश्न गर्नेछन्, 'त्यसो भए नि:स्वार्थी कोही छैनन् भन्नुको अर्थ तपाईं बुद्धिजीवीहरू पनि स्वार्थी हुन् ? के नि:स्वार्थी निडर हुन्छन् भन्ने कुरा झूट हो ? बुझ्नेहरू डराउँछन् भने बहुमत जनता बुझ्दैनन् र गरिब छन् । त्यसैले, तिनीहरू पैसा, सामान, ग्यास सिलिन्डर, ठेक्कापट्टा र पदको लोभमा परेर निर्वाचन आचारसंहिताविपरीत 'घूस' खाएर मत दिन्छन् ।

यसको अर्थ के बुद्धिजीवीहरूले प्रजातन्त्र अलि छिटो आयो भन्न खोजेका हुन् ? संसारमा  निर्वाचन हुन्छ । निर्वाचन आचारसंहिता उल्लङ्घन संरा अमेरिका, बेलायत, युक्रेन, इजरायल कहाँ हुँदैन ? ती त जातीय तानाशाही व्यवस्था कायम भएका देश हुन् । प्रजातन्त्र आएको र ल्याएको ठिक्कै हो । तर, शासक राजनीतिक दलहरूले गाउँ र सहरका जनतालाई प्रजातन्त्रको आधार शिक्षा दिनुभन्दा शासन गर्नमा 'अर्जुन दृष्टि' दिए । अपराध वा विराम यही हो ।

योग्यताअनुसार शासकवर्गसँग कामको माग गर्नु अधिकारको कुरा हो - त्यो स्वार्थी विषय होइन । शासक दलले आ-आफ्नो अयोग्य मानिसलाई माथिल्लो पद दिनु 'स्वार्थी' काम हो ।

यसकारण, आँखा चिम्लेर देशमा कुनै पनि स्वार्थी व्यक्ति छैन र कुनै पनि राजनीतिक दल नि:स्वार्थी छैन भन्नु 'भदौमा आँखा फुटेको गोरुले सधैँ हरियो देख्छ' भन्ने उखानजस्तो हो । देशमा नि:स्वार्थी मानिस पनि छन् र इमानदारीपूर्वक राजनीति गर्ने पार्टी पनि छ । आँखा खोलेर हेर्नुपर्छ ।

# विश्वव्यापी अमेरिकी प्रभुत्व समाप्त पार्ने माध्यम : 'डि-डलराइजेसन'

✍ राजन

युक्रेनमा युद्ध सुरु भएदेखि संरा अमेरिकालगायत पश्चिमेली मुलुकहरूले रुसमाथि लगाएको प्रतिबन्ध चीनको लागि बढ्दो चिन्ताको विषय बनेको छ । संरा अमेरिकाले रुसको डलर भण्डारमा प्रतिबन्ध लगाएको घटनाले चीनलाई सतर्क बनाएको छ । चीनको अर्थतन्त्र आयात र निर्यातमा धेरै निर्भर हुने भएकोले रुसको तुलनामा चीन आर्थिक प्रतिबन्धको बढी जोखिममा छ । यही वास्तविकतालाई बुझेर चीनले 'डि-डलराइजेसन' (De-dollarization) अर्थात् डलरविहीन विश्व व्यापार अभियानअन्तर्गत आफ्ना सहयोगीहरूसँग चिनियाँ मुद्रा युवानमा व्यापार बढाएर आफूलाई कुनै पनि अमेरिकी हस्तक्षेपबाट अलग राख्न कोशिश गरिरहेको छ । डि-डलराइजेसनले मुख्य रिजर्भ मुद्राको रूपमा अमेरिकी डलरमा विश्वको निर्भरताबाट मुक्त गर्ने प्रक्रियालाई वर्णन गर्दछ ।

विश्वको सबैभन्दा ठुलो कच्चा तेल निर्यातक देश साउदी अरेबियाले सन् १९७४ देखि डलरमा तेलको व्यापार गरिरहेको छ । तर, हाल चिनियाँ मुद्रा युवानमा साउदीको सबैभन्दा ठुलो व्यापारिक साझेदार चीनसँग कारोबार भएको छ । चीन र साउदी अरेबियाले ६ अर्ब बराबरको मुद्रा आदानप्रदान 'माध्यम' स्थापना गर्ने सम्झौतामा हस्ताक्षर गरेका छन् जसअन्तर्गत साउदी अरेबियालाई एक निर्धारित विनिमय दरमा चिनियाँ मुद्राको आपूर्तिमा नि:शुल्क पहुँच हुन्छ । यदि चीनको तेल र ग्यासको अन्तर्राष्ट्रिय व्यापार युवानमा सञ्चालन हुन्छ भने यो पश्चिमी वित्तीय प्रणाली बाहिर हुनेछ । जसले गर्दा कुनै कारणवस पश्चिमी मुलुकले रुसमा जस्तै आर्थिक प्रतिबन्ध लगाए भने पनि त्यसको प्रभाव रहनेछैन । चीनको सबैभन्दा ठुलो तेल व्यापार साझेदाररूसले पहिले नै चिनियाँ मुद्रा स्वीकार गरेको हुनाले साउदी अरेबियाले युवानलाई स्वीकार्नुपर्छ । कथम्कदाचित भविष्यमा अमेरिकासँगको तनाव बढ्दै गएमा चीनले आफ्नो तेलको आवश्यकतालाई अहिले नै सुरक्षित बनाएको छ । चीनले साउदी अरबलाई तेल आयातको पैसा आफ्नो मुद्रामा तिर्न सक्छ । यस सन्दर्भमा डलरमुक्त अभियानमा चीनले केही हदसम्म सफलता हात पारेको छ ।

स्विफ्ट (Society for World-wide Interbank Financial Tele-communication) डाटाका अनुसार अमेरिकी मुद्रा विश्वभरका करिब आधा भुक्तानीमा प्रयोग गरिन्छ जबकि युवान ४ प्रतिशतभन्दा कममा प्रयोग गरिन्छ । तर, युवान संलग्न लेनदेनको सङ्ख्या तीव्रगतिमा बढिरहेको छ । पछिल्लो तीन वर्षमा व्यापार वित्तमा चिनियाँ मुद्राको विश्वव्यापी प्रयोग तीन गुणा बढेको छ । हालैमात्र यसले विश्वव्यापी व्यापारमा दोस्रो सबैभन्दा बढी प्रयोग हुने मुद्राको रूपमा युरोलाई पछाडि पार्यो । पिपुल्स बैङ्क अफ चाइनाको तथ्याङ्कले देखाएअनुसार विभिन्न देशका केन्द्रीय बैङ्कहरूले चिनियाँ स्विफ्ट लाइनको प्रयोग २०२० यता झन्डै चार गुणा बढेको छ । रिजर्भ मुद्राको रूपमा युवानको प्रयोग बढ्दै जाँदा यसले चिनियाँ अर्थतन्त्रलाई थप लाभ पुर्‍याएको छ । यद्यपि, समग्रमा अमरिकी डलरको तुलनामा युवानको विश्व हिस्सा अझै धेरै कम भए पनि निकट भविष्यमा चिनियाँ मुद्राले अमेरिकी मुद्रा डलरलाई चुनौती दिने पक्का छ ।

**डि-डलराइजेसन : रुसको प्रयास**

अमेरिकी डलरको विश्वव्यापी प्रभुत्वलाई चुनौती दिने यस अभियानमा रुसको प्रयास पनि जारी छ । रूस, काजाकिस्तान, आर्मेनिया, किर्गिस्तान, भियतनाम र बेलारुस सम्मिलित युरेसियन इकोनोमिक युनियनका देशहरूबिच आपसी सम्झौतामा राष्ट्रिय मुद्राहरूको अंश ९० प्रतिशत पुगेको छ र अझै बढ्ने क्रममा छ । सदस्य राष्ट्रहरूबिच वस्तु, सेवा, पुँजी र श्रमिकहरूको स्वतन्त्र आवतजावत सुनिश्चित गर्न यो सङ्घ बनाइएको हो । यी राष्ट्रहरूबिच व्यापार बढ्दै जाँदा सदस्य देशहरूले डलर र युरोको प्रयोग क्रमैसँग घटाउँदै लगेका छन् र यसको सट्टा आपसी सम्झौतामा राष्ट्रिय मुद्रामा कारोबार गरिरहेका छन् । रुसी राष्ट्रपति भ्लादिमिर पुटिनले सदस्य राष्ट्रहरूलाई 'आर्थिक सार्वभौमसत्ता बढाउने' उद्देश्यका साथ डलररहित भुक्तानी प्रणाली सिर्जना गर्न आह्वान गरेका छन् ।

रुसको निर्यातमा अमेरिकी डलर र युरोको अंश नाटकीयरूपमा घटेको छ । वित्तीय कारोबारमा अमेरिको डलरको हिस्सा २०२१ मा ८५.६ प्रतिशत रहेकामा गत वर्ष ३४.१ प्रतिशतमा झरेको छ । सीमापार लेनदेनमा रूसी रूबलको प्रयोग सोही अवधिमा ३९.१ प्रतिशतमा बढेको छ र रुस समर्थित 'मैत्री' देशहरूको मुद्राहरूमा कारोबार बढेर २६.९ प्रतिशत पुगेको तथ्याङ्कले देखाएको छ ।

यही अवस्थामा चीन रुसको प्रमुख व्यापार साझेदार बनेको छ जसको व्यापार कारोबारको २९ प्रतिशत हिस्सा ओगटेको छ । प्रतिबन्धहरूले प्रभावकारीरूपमा मस्कोलाई पश्चिमी वित्तीय प्रणालीबाट अलग गरेपछि रूस र यसका व्यापार साझेदारहरूले पारस्परिक व्यापार राष्ट्रिय मुद्राहरूमा गर्न थाले । सन् २०२३ मा रुसको वैदेशिक व्यापारमा मैत्री राष्ट्रहरूको हिस्सा ७५ प्रतिशत नाघेको थियो । विगत दुई वर्षमा चीनबाट रूसतर्फको निर्यात विभिन्न क्षेत्रमा तीव्रगतिमा बढिरहेको अवस्थामा २०२३ मा हाम्रो छिमेकी मुलुक चीन र भारतबिच कारोबार पनि ९५ प्रतिशत राष्ट्रिय मुद्राहरूमा गरिएको थियो ।

**ब्रिक्स (BRICKS) राष्ट्रहरूबिच 'डि-डलराइजेसन'**

ब्रिक्स सदस्यहरूले उदीयमान बजारहरूमा प्रयोग गर्न सकिने साझा मुद्रा कसरी बनाउने भनेर छलफल गरिरहेका छन् । गैरपश्चिमी वा संयुक्त राज्य अमेरिकाविरोधी खेमाबिच यसबारे धेरै चर्चा गरिएको छ । यो ठुलो भूराजनीतिक घटनाको वित्तीय पक्ष हो । सुरक्षा र अर्थतन्त्रको सन्दर्भमा संयुक्त राज्य अमेरिकाबाट निर्भरता घटाउने प्रयासस्वरूप गत वर्ष ठुलो तेल निर्यातक देश साउदी अरेबिया ब्रिक्स गठबन्धनमा सामेलमात्र भएन साङ्घाई कोअपरेसन अर्गनाइजेसनमा पनि सामेल हुन सहमत भएको छ । प्रमुख ब्रिक्स साझेदारहरूसँग रूसको व्यापार अब लगभग डलरमुक्त छ । गत वर्ष भारत र चीनसँग रुसको ९५ प्रतिशत कारोबार स्थानीय मुद्रामा भएको थियो ।

पश्चिमाविरोधी समूहको यस प्रयास समग्ररूपमा अमेरिकाको लागि ठुलो चुनौती सिर्जना गरे तापनि अझै विश्वव्यापीरूपमा सार्वजनिक र निजी ऋणको ठुलो हिस्सा डलरमा राखिएको हुनाले चीन र रुसले डलरको वर्चस्वलाई गम्भीर चुनौती दिने कुरालाई धेरै पश्चिमी अर्थशास्त्रीहरूले सजिलैसँग पचाउन सकेका छैनन् । यद्यपि, सङ्क्षेपमा भन्नुपर्दा विश्वमा अमेरिकी प्रभुत्वको विस्तार गर्ने एउटा प्रमुख माध्यम अमेरिकी डलरलाई विस्थापित गर्न नयाँ मुद्रा प्रचलनमा ल्याउनमा चीन र रुसको प्रयासले मूर्त रूप लिँदै गएकोमा कुनै शङ्का छैन ।

# सकिएकै हो त इतिहास अध्ययनको औचित्य ?

- राजकुमार दिक्पाल

काठमाडौँ । असाध्यै उपेक्षित विषय हुन पुगेको छ, यतिखेर इतिहास विषय । हुन त त्रिभुवन विश्वविद्यालयकै मानविकी तथा सामाजिकशास्त्र सङ्कायको कतिपय विभागमा पढ्ने विद्यार्थीभन्दा पढाउने प्राध्यापकहरूको सङ्ख्या बढी छ । बडो मुस्किलले घस्रँदै यात्रा गरिरहेका त्रिविको केन्द्रीय विभागमध्ये इतिहास विभाग पनि एक हो ।

कुनै समय इतिहास एक लोकप्रिय विषय थियो । त्रिविले प्रमाणपत्र तह हटाएसँगै इतिहास पढ्ने विद्यार्थीहरूको सङ्ख्या पनि स्वात्तै घट्यो । दस जोड दुई (प्लस टु) पढाउने कलेजहरूको प्राथमिकतामा इतिहास विषय परेन । कलेजहरूकै उपेक्षाको शिकार भएपछि इतिहास विषय अध्ययनतिर विद्यार्थीहरूको रुचि घट्नु स्वभाविक हो । स्नातक तहमा पुग्दा प्लस टुमा नपढेको विषयतिर विद्यार्थीको के ध्यान जान्थ्यो ? स्नातक तहमा विद्यार्थीको अभाव झेलेको विश्वविद्यालयले स्नातकोत्तर तहमा मनग्य विद्यार्थी पाउने अवस्था नै रहेन । यसरी इतिहास अध्ययन गर्ने विद्यार्थीको चरम अभावका कारण इतिहास विषयका प्राध्यापकहरू फुर्सदिला बनेको देखिन्छ ।

**विद्यार्थी अभावको कारण**

अभिभावक र विद्यार्थीको प्राथमिकता रोजगारीमुखी विषयतिर बढ्दै गएको छ । अझ प्लस टु सक्नासाथ विदेशमा कमाउँदै पढ्ने सपना देख्ने प्रवृत्ति केही वर्षयतादेखि ह्वात्तै बढेको छ । नेपालमै रहेर इतिहासजस्तो ज्ञानमुखी विषय अध्ययन गरेर देशमा प्राज्ञिक योगदान दिन सकिन्छ भन्ने सोचको अपेक्षा विद्यार्थीहरूबाट गर्नु मृगतृष्णाजस्तो हुन पुगेको छ ।

इतिहास पढेका अग्रजपुस्ताले इतिहास विषयलाई जुन ढङ्गले आकर्षक विषय बनाउनुपर्ने हो, अपेक्षाकृत त्यसो सकेनन् । राज्यले इतिहास अनुसन्धानमा लगानी गर्न नसक्दा इतिहास विषयमा उच्च शिक्षा लिएको पुस्ताले पनि काम पाउन सकेनन् । इतिहास पढ्नेहरूको यस्तो अवस्था देख्ने नयाँ पुस्तालाई इतिहास विषयले कसरी आकर्षण गर्नसक्थ्यो ?

देशको राजनीतिक परिवेशले पनि अनेकौँ मोड लियो । राणाकालको कुरा छाडौँ, पञ्चायतकालभरि इतिहास विषयमा राजा महाराजाको महिमा मण्डनले प्राथमिकता पायो । अभिव्यक्ति स्वतन्त्रता कुण्ठित भएको त्यो समयमा राजा महाराजाका गल्ती कमी कमजोरी औँल्याउने र जनताको वास्तविक इतिहासलाई व्यवस्थित गर्ने कार्य निषेधितजस्तै थियो । महत्त्वपूर्ण ऐतिहासिक कागजपत्रहरू राजदरबारको नियन्त्रणमा थिए । त्यस्ता कागजपत्र अध्ययन गर्न राजदरबारको विशेष कृपाको आवश्यकता पर्थ्यो ।

प्रजातन्त्रकालमा पनि इतिहास विषयमा राजा महाराजाको महिमा मण्डनले नै प्राथमिकता पाइरहँदा खासगरी सरकारी कलेजहरूमा इतिहास विषय अध्ययन गर्ने विद्यार्थीको खासै अभाव थिएन । तर, मुलुक सङ्घीय लोकतान्त्रिक गणतन्त्रमा पुग्दासम्म विद्यार्थीमाझ इतिहास विषय पूरै अलोकप्रिय अवस्थामा पुग्यो ।

**इतिहास : भविष्यको आधार**

नेपाली युवा पुस्तामा विदेशी प्रभावको जरो दिनदिनै गहिराइमा पुगिरहेछ । खानपान, फेसन, गीत सङ्गीत आदिमा मात्र होइन; चिन्तनमा समेत विदेशी प्रभाव पर्न थालेपछि युवा पुस्तामा देशभक्तिभाव क्रमश: कमजोर हुन थालेको अनुभव हामीले गरिरहेका छौँ । युवा पुस्ताले पूर्वजको पौरखलाई एकादेशको कथाजस्तो सोच्न थालिसकेका छन् । भविष्यमा देश हाँक्ने पुस्तामा देशभक्ति भाव कमजोर हुँदै जानु राम्रो सङ्केत होइन ।

इतिहास विषयको अध्ययनबाट आफ्ना पूर्वजको गौरवबारे ज्ञानलाभ गर्न सकिन्छ । विगतको अवस्थाको अनुशीलनले वर्तमान अवस्थामा त्यसले पारेको प्रभावको ज्ञानलाभ गरी भविष्यमा अपनाउनुपर्ने सतर्कताबारे पनि सचेत गराउँछ । देश कसरी निर्माण भयो, विगतमा देश कस्तो थियो ? यस्ता विषयमा छलफल गर्न पनि इतिहास विषयले सहज बनाउँछ । समग्रमा इतिहास विषयले देशभक्ति भाव बढाउँछ ।

इतिहास विषय केवल राजा महाराजाको महिमामण्डन होइन । विगतको कमजोरीहरू केलाउने र निफन्ने महत्त्वपूर्ण साधन पनि हो, इतिहास विषय । उदाहरणको लागि, आफ्नो स्वास्थ्य समस्या लिएर कुनै चिकित्सक कहाँ पुगेको एक बिरामीको विषयमा कुरा गरौँ । उनलाई चिकित्सकले सम्बन्धित स्वास्थ्य समस्या पहिले पनि भएको थियो कि थिएन भनेर सोध्छ । यस्तो समस्या उनका बाबुआमा वा परिवारका कोही कसैलाई पनि भएको थियो भनेर पनि सोध्छ । पहिले सेवन गर्ने गरेको औषधिका बारेमा पनि सोध्छ । अर्थात् ती बिरामीको इतिहास सोध्छ ।

अझ विगतमा स्वास्थ्य परीक्षण गराएका रिपोर्टहरू छन् भने त चिकित्सकलाई सम्बन्धित बिरामीको रोग निदान गरी उपचारको सिफारिस गर्न सजिलो हुन्छ । भन्नुको अर्थ, देशमा विगतमा भएका सबै समस्याको चित्रण इतिहास विषयमा आउँछ । ती समस्याका कारण वर्तमानले झेल्न परेको परिस्थितिबारे ज्ञान दिन्छ इतिहास विषयले । त्यहीँ ज्ञानको आधारमा हामीले देशको समस्याको अन्त्य गरेर उज्यालो भविष्य निर्माण गर्न सक्छौँ ।

हामी नेपालमा बारम्बार आउने जाने भूकम्पलाई पनि उदाहरणको रूपमा लिन सक्छौँ । भूकम्प किन आउँछ ? यस विषयमा भूगर्भशास्त्रीहरूले पत्ता लगाएकै छन् । तर, भूकम्प कहिले आउँछ भन्ने विषयमा भूगर्भशास्त्रीहरूले आजसम्म पत्ता लगाउन सकेका छैनन् । यस विषयमा थाहा पाउने एउटै माध्यम

*बाँकी पृष्ठ ५ मा*

# इन्जिनियरिङका विद्यार्थीहरूसँग सामयिक छलफल

*भूकम्प आइसकेपछि ६ महिनासम्म हामीलाई भारतले यति दुःख दियो कि तेल पठाएन, ग्यास पठाएन, चामल पठाएन, पीठो पठाएन, फलफुल–तरकारी पठाएन। केही पनि पठाएन। ५–६ महिनासम्म अमानवीय नाकाबन्दी बेहोर्‍यौँ। इन्जिनियरिङ कलेजका त्यतिखेरका धेरैधेरै विद्यार्थीहरू नाकाबन्दीको अन्त्यको माग गर्दै जुलुस गएको मलाई थाहा छ। हामीले नाकाबन्दीसँग जुझ्यौँ र विजय हासिल गर्‍यौँ।*




✍ सुरेन्द्रराज गोसाई

लगभग १५-१६ वर्ष लामो विद्यालय जीवनको मेहनत एवम् सफलतापश्चात् अर्को ५-६ वर्षको निम्ति आफूलाई शैक्षिक क्षेत्र तथा सोधखोजको क्षेत्रमा आगाडि बढाउन सङ्कल्पित भएर कलेज प्रवेश गर्नुभएका सम्पूर्ण नवआगन्तुक विद्यार्थी भाइबहिनीहरूलाई उत्तरोत्तर प्रगतिको कामना गर्दछु। हार्दिक शुभकामना र बधाई छ। रोबर्ट फ्रस्ट भन्छन्, 'Two roads diverged in a wood and I took the one less traveled by and that has made all the difference.' अर्थात्, एउटा वनमा दुई बाटा थिए। अत्यन्त कममात्र हिँडिएको बाटो समाएँ। त्यसैले नै यी सारा भिन्नता जन्मायो। तपाईंहरूले पनि चुनौतीपूर्ण बाटो राज्नुभयो। तपाईंहरू सफल हुने विश्वास छ।

अरू कता कता लागे ? केके गरे ? म अलि फरक बाटो रोज्ने प्रयास गर्दै छु। त्यो फरक बाटोबाट नै भिन्नता देखाउने प्रयास गर्नेछु। विद्यार्थी भाइबहिनीहरू यही कुरा मनमा राखेर कलेज प्रवेश गर्दै हुनुहुन्छ भन्ने विश्वास छ। कलेजले तपाईंलाई फरक विद्यार्थीको रूपमा सदा याद गर्ने गरी मेहनत गर्ने मेरो विश्वास छ। यस कलेजमा सायद हजारौँ विद्यार्थी आए, हजारौँ आउनेवाला छन्। ती हजारौँबिच कलेजले सम्झनयोग्य विद्यार्थी भएर वा कलेजका प्राध्यापकहरूको मनमस्तिष्कमा रहने गरी तपाईंले पढ्ने र केही गरेर देखाउने मेरो विश्वास छ। त्यसको निम्ति पनि हार्दिक शुभकामना छ।

आजभन्दा २५-२६ वर्षअगाडि लिबालीको करिब ६०० रोपनी जग्गामा व्यवस्थित सहर बसाल्ने सपनाले साकार रूप लियो। त्यही 'टाउन प्लानिङ' गरिएको लिबाली भन्ने ठाउँमा ख्वप इन्जिनियरिङ कलेज र ख्वप कलेज अफ इन्जिनियरिङ बनेको हो। 'बुँ' भन्नाले नेपालभाषामा खेत हो र लिबाली भन्नाले ढिलो मात्र बाली फल्ने ठाउँ हो। सिँचाइको हिसाबले असुविधाजनक र निकै टाढा साबिक बागेश्वरी गाविसको सहरेदेखि नहरबाट पानी ल्याउनुपर्ने वा आकाशे खेतीको भर पर्नुपर्ने त्यतिखेर बाध्यता थियो। त्यही ठाउँमा यी दुईवटा कलेज निर्माण भएका हुन्।

बालीनालीको लागि किसानहरूलाई असाध्यै समस्या हुने ठाउँमा समयको जरुरतबमोजिम एउटा व्यवस्थित प्लानिङ बन्यो। त्यस बखत यस कलेजको वरिपरि प्रशस्त कालो माटो पाइन्थ्यो। त्यो कालो माटो झिकेर कैयौँ हाम्रा प्रजापति दाजुभाइहरूले र हाम्रा पूर्वजहरूले धेरै राम्राराम्रा माटाका भाँडाकुँडाहरू बनाए। यहाँमात्र होइन काभ्रे, सिन्धुली, सिन्धुपाल्चोक, मकवानपुर, चितवन, तनहुँ, गोरखा, नुवाकोटलगायत देशभरि माटाका भाँडाकुँडाहरू पठाउने गरिन्थ्यो। हिजो गहुँ, धान, केराउ मात्र फल्ने ठाउँमा आज ज्ञान, प्रविधि फल्दै छ र चारैतिर फैलिँदै छ। यहाँबाट तयार भएका प्राविधिकहरू देशैभरि पुग्दै छन्। यो कस्तो सुन्दर परिवर्तन ?

आजभन्दा ३२५ वर्ष अगाडि भक्तपुरमा भव्य ङातापोल्हँको निर्माण भयो। सम्भवत: त्यसको केही महिनापछि भक्तपुरमा खँचा पुखु निर्माण भयो। पूर्वपश्चिम फर्केको लाम्चो आकारको त्यो सानो पोखरीमा ङातापोल्हँको छाया देखिन्छ। यसको विस्तृत अध्ययन गर्नको निम्ति विज्ञ तथा विद्यार्थीहरूमा अनुरोध गर्दछु। कतै ङातापोल्हँ, खँचा पुखु र हाम्रो कलेज एउटै समानान्तर रेखा parallel line मा त छैन ? हेर्नुस् त, इन्जिनियरिङको सुन्दरता। २२ वर्षभन्दा अगाडि इन्जिनियरिङ कलेज यही ठाउँमा बनाउँदै गर्दा सायद त्यतिखेर यसबारे अनुमान गरिएको थिएन ! तर, कहिलेकाहीँ सिर्जना पूर्वतयारी बिना पनि हुने गर्दछ ! इन्जिनियरिङको सुन्दरता कहिलेकाहीँ दुर्घटनावश जन्मिन सक्छ। यस विषयमा थप अध्ययन गर्न पायौँ भने अझ राम्रो होला !

अरू देशमा पनि हामीले देख्यौँ। सन् २०१४ को नोभेम्बरमा हामी प्रजग कोरिया पुगेका थियौँ। इन्जिनियरहरू पुग्नैपर्ने देश हो प्रजग कोरिया। वास्तुशास्त्रविद्हरूको देश, कलाकारहरूको देश। १९५० देखि १९५३ सम्म त्यहाँ ठुलो युद्ध भएको थियो। अमेरिकी साम्राज्यवादले लाखौँलाख मानिसहरूलाई एक चिहान बनाएको थियो। बमबारूद खसालेर अमेरिकी साम्राज्यवादले 'ग्राउन्ड जिरो' मा परिणत गरेको थियो। हरेक एक कोरियालीलाई करिब चारवटा बम प्रहार गरिएको थियो। यद्यपि, खरानीमै एउटा सुन्दर सहर बन्यो, प्योङयाङ। प्रजग कोरियामा लाखौँ-लाख इन्जिनियरहरू छन्।

प्योङयाङमा ग्रायन्ड पिपुल्स स्टडी हाउस छ। त्यो विशाल पुस्तकालय या अध्ययन केन्द्रले देशभित्र र बाहिरका लाखौँलाख मानिसहरूलाई बुद्धि बाँडिरहेको छ। अन्तर्राष्ट्रिय जगत्लाई निमन्त्रणा दिएर सोधखोज गराइराखेको छ। त्यहाँ पुगेका हरेक प्राध्यापक, बुद्धिजीवी तथा अध्येताहरू ग्रायन्ड पिपल्स स्टडी हाउसकै समानान्तर रेखामा रहेको रातो फ्लेमयुक्त जुछे टावरतिर हेरेर एक खालको ऊर्जा प्राप्त गर्दछन्। ग्रायन्ड पिपल्स स्टडी हाउस र जुछे टावरको बिचमा कञ्चन तेदोङ नदी बग्छ। छेवैमा लाखौँ मानिस एकै समयमा जम्मा हुन मिल्ने किम इल सङ स्क्वाएर छ। यी तीनवटै विशाल संरचना समानान्तर रेखामा छन्। वास्तुकला, परिकल्पना, भावना, प्रविधि तथा सौन्दर्यको संयोजन बेजोड लाग्छ।

इन्जिनियरिङ कलेजको निम्ति एक प्रकारको 'गाइडिङ फ्लेम' ङातापोल्हँ हो, जुन हाम्रा पितापुर्खाले तीन सय पच्चीस वर्ष अगाडि ठड्याए। हाम्रो वास्तुकला, विज्ञान र प्रविधिको एउटा अनुपम नमुना ङातापोल्हँ हो। कलेजसँग समानान्तर रेखामा रहेको ङातापोल्हँबाट प्रेरित भएर हाम्रो इन्जिनियरिङ कलेज र नयाँ वैज्ञानिकहरू अझ अगाडि बढून्, शुभकामना !

१२ औँ शताब्दीमा अर्थात् सन् १२४४ मा नेपालमा एकजना ठुला कलाकार, इन्जिनियर तथा वैज्ञानिकको जन्म भयो। तपाईंहरूलाई थाहा छ, आजभन्दा ८०० वर्ष अगाडि जन्मेको अरनिको १७ वर्षको उमेरमा ८० जना कालिगढ तथा वास्तुविद् वा इन्जिनियरहरूसहितको पल्टन लिएर भोटतिर गएको हामी इतिहासमा पढ्छौँ। भोटमा गएर अनेकौँ चैत्य र अनुपम गुम्बाहरू बनाएको हामीले पढेका छौँ। इन्जिनियरहरूले अनिवार्यरूपमा पढ्नुपर्ने नेपालका विभूतिहरूमध्ये अरनिको एक हुन्। साथै भोटदेखि पेचिङसम्म पुगेर स्वर्णचैत्य निर्माणका साथै श्वेतचैत्य निर्माण गरेका थिए। श्वेतचैत्यलाई तिनीहरू 'पाइथा' भन्छन्। नेपालीहरू पेचिङ पुग्ने बेला ग्रेट वाल नहेरे नि हुन्छ तर हाम्रो उपहार, नेपाली प्राविधिकले बनाएको श्वेतचैत्य नहेरी फर्किन्नन्। अझै पनि चिनियाँहरू हाँसोमा पनि भन्छन्, चीनमा जति पनि निर्माणहरू भए, अहिलेसम्म पनि छाया नहुने निर्माण कुनै छ भने त्यो श्वेतचैत्य हो। हिजो हामी चीनजस्तो सभ्यतामा साह्रै अगाडि बढेको देशलाई त्यसरी योगदान दिन सक्ने अवस्थामा थियौँ। हाम्रो देश अहिले कता छ ? हामी कता छौँ र कसरी यस्तो भयो ? त्यो सोध्ने, खोज्ने र पत्ता लगाउने हाम्रै जिम्मा हो।

हिजोआजका हाम्रा विद्वान्हरूले विदेश गएर के पाए, त्यो मलाई थाहा छैन ! कुब्ला खाँको पालाको चीनमा गएको अरनिकाले मन्त्रीसरहको उपाधि त्यतिखेर नै पाए। यो कस्तो खालको चमत्कार होला, कस्तो खालको हात होला र कस्तो खालको सीप, ज्ञान र दक्षता होला र वास्तवमा हामीसँग सामर्थ्य नभएको होइन। प्रकृतिले के कति दियो भन्नेबारेमा मैले बताइरहन नपर्ला र प्रकृतिले पनि सही ठाउँमा सही मानिस दियो वा दिएन, त्यो अर्को पाटो हो। सही ठाउँमा प्रकृतिले सगरमाथा राख्यो, त्यति राम्राराम्रा महाकाली, कोसी, कर्णाली नदीहरू राख्यो ! सुन्दर हिमाल, पहाड र तराई यहीँ राख्यो ! यहीँ नै बहुमूल्य खनिजजडिबुटी खन्यायो र हाम्रा इन्जिनियरहरूका निम्ति यहाँ अध्ययन तथा अन्वेषणको निम्ति विराट क्षेत्र छ। आर्किटेक्ट, इन्जिनियर बन्नको निम्ति अगाडि बढिरहेका नयाँ पुस्तालाई अरनिकोको प्रेरणा तथा आभा पर्याप्त छ ! त्यसबाट हामी प्रेरित भएर अगाडि बढ्न सकेको खण्डमा अझ बढी योगदान पुर्‍याउन सक्नेछौँ !

अर्को एउटा प्रसङ्ग जोडौँ ! भर्खरै चित्लाङमा भएको दुर्घटना सबैलाई सम्झना छ होला। सबैको मनमा छ। यस्ता खालका अत्यन्त दुःखद खबर हामी सुन्दै हेर्दै बस्ने कि, के गर्ने ? इन्जिनियरिङको दृष्टिकोणबाट त्यसमा के खराबी छ ? निर्माणको हिसाबले के समस्या भयो ? ढिलासुस्तीको हिसाबले के हुँदै छ ? त्यो घटनाले पनि अलिकति झक्झकाउनुपर्छ। हाम्रो दिमाग पनि खुल्नुपर्छ, खोल्नुपर्छ। देशैभरि हाम्रा सडकको स्थिति अत्यन्त खराब छ। सन् १९७७-१९८२ मा एउटा सडकको निर्माण भयो। १९७७ मा बेलायतको सहयोगमा निर्माण भएको धरान-धनकुटाको पहाडी बाटो अहिलेसम्म पनि फराकिलो र व्यवस्थित छ। निर्माणको हिसाबले गुणस्तरयुक्त मानिन्छ। त्यो किन आजको समयमा सम्भव भएन ? यो ४०-५० वर्षभित्र नेपालको वाग्मती, कोसी, कर्णालीमा निकै पानी बगिसकेको छ। इन्जिनियरिङ कलेजहरू धेरै भइसकेका छन्। दसौँ हजार इन्जिनियरहरू हामीकहाँ पनि भइसकेका छन्। तर, हाम्रो निर्माणमा कहाँनिर खोट हुँदै छ ? कहाँनिर खराबी भयो ? सिंहदरबारमा पुगेका मन्त्री, प्रधानमन्त्री, भौतिक मन्त्रीहरूको मगजमा कस्तो खालको कीरा पस्यो र हामी चित्लाङका खबरहरू सुन्न र भोग्न बाध्य छौँ ?

नेपालमा सडक दुर्घटनाबाट दैनिक ७ जना मान्छे मर्छन् ! के यो सामान्य हो ? के यसको समाधान खोजिनु पर्दैन ? यी दुर्भाग्य रोक्नको निम्ति हाम्रो जिम्मेवारी के छ ? सरकारलाई के कस्ता खालका सल्लाह दिन सक्छौँ, त्यो पनि एउटा सोचनीय विषय हो।

यहाँ अर्को एउटा सन्दर्भ जोड्छु। टर्कीका मानिसहरू के भन्दा रहेछन् भने यदि जोकर लिडर बन्यो या जोकर मन्त्री बन्यो, जोकर प्रधानमन्त्री बन्यो भने उसले देशलाई नै सर्कसमा परिणत गरिदिन्छ। If a joker becomes a leader he will convert whole country into a circus. अहिले हाम्रो देशमा भइरहेको यही हो। जोकरहरू सिंहदरबार पसे। जोकरहरू मन्त्री र प्रधानमन्त्री बने। अब सर्कस देखाउँदै छन्। अनेक काण्डहरू बाहिर आउँदै छन्। अनेक राष्ट्रिय लज्जाका खबरहरू सुन्दै छौँ। अब यसबाट पनि हामीले यु-टर्न लिन सम्भव छ। यो स्थिति पनि सधैँ रहँदैन। म पूर्णरूपमा विश्वस्त छु। तपाईंहरू पनि विश्वास गर्नुहोस्। ३० वर्षको पञ्चायत व्यवस्था त्यति छिटो जाला भनेर कसैले सोचेका थिएनन्। ४६ सालमा बहुदल आयो, आन्दोलन भयो, ४९–५० दिनको आँधीबेहरीले पञ्चायती व्यवस्था ढालिछाड्यो।

त्यसकारण, त्यस्ता जोकरहरूलाई सिंहदरबार पस्नबाट रोक्ने पनि उपायहरू छन्। त्यसका निम्ति नयाँ पुस्तामा राजनीतिक सचेतना आवश्यक छ। अब राजनीतिबाट भागेर होइन कि राजनीतिलाई बुझेर सही मान्छे सही ठाउँमा पुर्‍याउने सद्बुद्धि हामीले लियौँ भने हाम्रो देशलाई सुधार्न सक्नेछौँ। अझै पनि समय बाँकी छ।

हामीले राजनीतिलाई गलत ढङ्गमा बुझ्यौँ। गलत ढङ्गमा बुझाउने प्रयास भयो। वास्तवमा राजनीति भनेको सेवाकर्म हो। राजनीतिमा त्याग, समर्पण, आफूसँग भएको ज्ञान, खुबी, क्षमताको आधारमा समाजको सेवा गर्ने, देशको सेवा गर्ने र परिवर्तनलाई नजिक ल्याउने, सम्भव भयो भने आमूल परिवर्तनका निम्ति अगाडि बढ्ने भन्ने हुन्छ। त्यो हो वास्तविक राजनीति। यहाँ राजनीतिलाई बिटुल्याइयो। राजनीतिलाई कमाइ खाने भाँडो बनाइयो। कसको कारण भयो ? अहिलेसम्म सरकारमा जाने पार्टीहरूले त्यो कामलाई अगाडि बढाए। जो जो मन्त्री बन्न गएका छन् त्यो नयाँ होस् या पुरानो, तिनीहरू त्यसका निम्ति जिम्मेवार छन्। मन्त्री बन्छु, अर्को चुनाव जित्छु, पालो मेरै हो भनेर गलत आश्वासन दिनेहरू नै यो दुर्दशाका लागि जिम्मेवार छन्। मन्त्री को बन्ने भन्ने कुरा महत्त्वपूर्ण होइन। नीति कस्तो खालको बनाउने ? कस्तो बन्दोवस्त गर्ने ? तागत छ भने सिंहदरबार जानेहरूले 'विदेशमा जान बाध्य भएकाहरूलाई हामी रोक्छौँ, यहाँ रोजगारीको सिर्जना गर्छौं, पढ्नेदेखि लिएर कामसम्मको हामी अवसर सिर्जना गर्छौं' भनेर प्रतिबद्धताका साथै व्यवहारमा, नीतिगतरूपमा तिनीहरूले तयार गर्न सक्नुपर्थ्यो तर सकेनन्। यो उनीहरूको अहिलेसम्मको असफलता हो। त्यसकारण, यस विषयमा हामी सबैले बुझेर सही र जानकार मानिसहरूले, शिक्षा क्षेत्रमा अगाडि बढेकाहरूले अझ बढी जिम्मेवारी, अझ बढी भूमिका निर्वाह गर्नुपर्दछ भन्ने कुरा हामी सबैले मनमा राख्यौँ, त्योबमोजिम आफूलाई तयार गर्‍यौँ र आफूलाई प्रस्तुत गर्‍यौँ भने परिवर्तन ल्याउन सक्नेछौँ। परिवर्तन असम्भव होइन !

एउटा राजनीतिले ख्वप मावि, ख्वप कलेज, ख्वप इन्जिनियरिङ कलेज, ख्वप कलेज अफ इन्जिनियरिङहरू जन्माउँछ। ख्वप विश्वविद्यालय निर्माण गर्ने सङ्कल्पसहित अगाडि बढ्छ। अर्को राजनीतिले के गर्दै छ भने त्रिभुवन विश्वविद्यालयलाई वर्ल्ड बैङ्क, आइएमएफ, एसियाली विकास बैङ्क इत्यादिलाई सुम्पेर उनीहरूको कठपुतली बनाउँदै छ। हाम्रो विश्वविद्यालय ध्वस्त पार्दै छ। कलेज सुकाउँदै छ। विद्यार्थी विदेश पठाउँदै छ। अब भन्नुस्, कुन राजनीति सही ? राजनीति त चाहिन्छ नै र राजनीतिबिना केही सम्भव छैन, मात्र यति हो कि कस्तो राजनीति रोज्ने ? यस्तो खालको असल राजनीति खोज्ने कि विनाशकारी राजनीति खोज्ने ? आफ्नो देशको अस्तित्व जोगाउने राजनीति खोज्ने कि आफ्नो देशलाई सिक्किमीकरण र फिजीकरणतिर डोर्‍याउने ? कुन राजनीति रोज्ने हो ? प्रश्न यति हो। जवाफ हामीले हाम्रो व्यवहारबाट, हाम्रो अध्ययनबाट, हाम्रो अनुशासनबाट, हाम्रो प्रतिबद्धताबाट दिन सकेको खण्डमा हामी अगाडि बढ्न सक्नेछौँ। हाम्रो देश अझ माथि उठाउन सक्नेछौँ।

विद्यार्थी भाइबहिनीहरू कडा मेहनतबाट अगाडि बढिरहेको पुस्ता हो भन्ने मलाई लाग्दछ। २०७२ सालमा भूकम्प जाँदा तपाईंहरू विद्यालयस्तरका विद्यार्थी हुनुहुन्थ्यो। भूकम्पबाट जोगिएर हामी बाँचेर आयौँ र पढेर अगाडि बढ्यौँ। भूकम्पको सामना त गर्‍यौँ। यतिमध्येमा धेरैले भूकम्प आउँदा अब सुरक्षित घर बनाउनको निम्ति म इन्जिनियरिङमा जान्छु भन्ने मनमा राख्नुभएको हुनुपर्छ। त्यो अत्यन्त सराहनीय पक्ष हो। भूकम्प आइसकेपछि ६ महिनासम्म हामीलाई भारतले यति दुःख दियो कि तेल पठाएन, ग्यास पठाएन, चामल पठाएन, पीठो पठाएन, फलफुल–तरकारी पठाएन। केही पनि पठाएन। ५–६ महिनासम्म अमानवीय नाकाबन्दी बेहोर्‍यौँ। इन्जिनियरिङ कलेजका त्यतिखेरका धेरैधेरै विद्यार्थीहरू नाकाबन्दीको अन्त्यको माग गर्दै जुलुस गएको मलाई थाहा छ। हामीले नाकाबन्दीसँग जुझ्यौँ र विजय हासिल गर्‍यौँ। त्यसैगरी २०७५।७६ सालमा हामीले दुई वर्षसम्म कोभिड भाइरससँग लड्यौँ। जीवनमा सङ्घर्ष गर्दै हामी यहाँसम्म पुग्यौँ। आज हामी फेरि अर्को एउटा सङ्घर्ष, अर्को एउटा लडाइँमा होमिँदै छौँ। त्यो भनेको इन्जिनियरिङको उपाधि जित्ने लडाइँ ! भूकम्पमा जित्नुभयो, कोरोनामा जित्नुभयो। यो लडाइँ त 'अच्छु खाएँ, बच्छु खाएँ, झुसे बारुलो' झैँ हुने म अनुमान गर्दछु। तपाईंहरूले निरन्तर सफलता हासिल गर्ने विश्वास छ। त्यसको निम्ति शुभकामना छ।

*(नेमकिपाका केन्द्रीय सदस्य तथा वाग्मती प्रदेशसभा सदस्य सुरेन्द्रराज गोसाईले ख्वप इन्जिनियरिङ कलेज र ख्वप कलेज अफ इन्जिनियरिङका नवआगन्तुक विद्यार्थीहरूलाई स्वागत तथा अभिमुखीकरण कार्यक्रम, माघ ३ गते २०८०, मा व्यक्त विचारको सम्पादित अंश)*

---

***सकिएकै...***

हुन पुगेको छ इतिहास। हरेक ५० वर्षको अन्तरालमा नेपालमा ठुलो भूकम्प आउँछ भन्ने ऐतिहासिक अभिलेखअनुसार नै यसबारे सतर्कता अपनाउन विज्ञहरूले सुझाव दिँदै आएका छन्।

हालै जाजरकोट र रुकुममा आएको विनाशकारी भूकम्पबारे विज्ञहरूले त्यहीँ इतिहासको आधारमा सचेत गराउँदै आएका थिए। पश्चिम नेपालका नागरिकहरूले विगत पाँच सय वर्षयतादेखि यस्तो विनाशकारी भूकम्पको अनुभव गर्न पाइरहेका थिएनन्। दार्शनिक भोल्तेयर इतिहास विषयमा भन्छन्, "विगतका तथ्यहरूलाई सङ्कलन गरेर रोचक पाराले प्रस्तुत गर्नुमात्रै इतिहास होइन, इतिहास त भविष्य हेर्ने आँखा हो।"

**इतिहास र पर्यटन**

सुन्दर हिमलस्कर मुस्कुराउने देश हो नेपाल। विविधतायुक्त सुन्दर देश भएकै कारण नेपाललाई पूर्वको स्वीट्जरल्यान्ड पनि भनिन्छ। पर्यटकहरू भौगोलिक र प्राकृतिक सुन्दरताको रसस्वादन गर्न त आउँछन् नै, स्थानीय जनजीवन, संस्कृति र पुरातत्त्वको ज्ञानको भोक पनि उनीहरूमा हुने गर्छ। पर्यटकहरूलाई स्थानीय जनजीवन, संस्कृति र पुरातत्त्वको ऐतिहासिक ज्ञानले परिपूर्ण बनाउनको लागि पनि इतिहास अध्ययन गर्नैपर्छ। इतिहास जति प्राचीन हुन्छ, पर्यटकहरूलाई त्यसले थप आकर्षित बनाउँछ।

नेपालमा अनेकौँ ऐतिहासिक र पुरातात्त्विक सम्पदाहरू छन्। यी सम्पदाहरू नेपाली सभ्यता विकासको परिचायक हुन्। यी सम्पदाहरूको ऐतिहासिक विकासक्रमबारे प्रकाश पारेर पर्यटकहरूलाई सन्तुष्ट पार्नको लागि सम्बन्धित विषयको इतिहासबारे ज्ञान हुनैपर्छ। यस्ता सम्पदाहरूको इतिहास अध्ययन गरी यसको प्रकाशन र प्रचारले पर्यटकहरूलाई आकर्षित गर्न सकिन्छ। नेपालको इतिहास अध्ययन गर्न विगतमा प्रशस्तै विदेशी विद्वानहरू नेपाल आएर नेपालको इतिहास लेख्न भ्याए। नेपालमा लेख्न बाँकी इतिहासप्रति आकर्षण बढाएर प्राज्ञिक पर्यटन प्रवर्द्धनमा पनि इतिहास विषयले महत्त्वपूर्ण भूमिका निभाउन सक्छ।

अन्त्यमा, अब इतिहास विषय राजा महाराजाको महिमा मण्डनमात्रै होइन भन्ने धारणालाई व्यापक बनाउन अत्यावश्यक भएको छ। हिजोको जुन राजनीतिक व्यवस्था थियो र त्यसले इतिहास विषयलाई कतिसम्म समेट्ने भन्ने सीमा निर्धारण गरिदिएको थियो। अबको परिवेश त्यस्तो छैन। इति-ह-आस शब्दको संश्लेषणबाट इतिहास शब्द बनेको छ। इति भनेको 'यस्तो' ह भनेको 'पक्का' र आस भनेको 'थियो' भन्ने अर्थ लाग्छ।

हिजो राजा महाराजाको जुन प्रकारले महिमा मण्डन गर्दै इतिहास शब्दकै मर्मलाई बिर्सेर लेख्नुपर्ने बाध्यता थियो, अब त्यो परिस्थिति पनि छैन। जे सत्य हो, जतिसुकै तीतो भए पनि त्यो लेख्ने हो। आशा गर्न सकिन्छ। इतिहास विषयले पुनर्जीवन पाउने पक्का छ।

*(लेखक इतिहास अध्ययन र लेखनमा सक्रिय हुनुहुन्छ।)* ***रासस***

# सी चिनफिङद्वारा ३७ औं अफ्रिकी सङ्घको शिखर सम्मेलनलाई बधाई सन्देश



इथियोपियाको राजधानी आदिस अबाबामा फेब्रुअरी १७ देखि चालु भइरहेको अफ्रिकी सङ्घ (एयू) को ३७ औं महासभा सम्मेलन । सम्मेलनमा अफ्रिकी देशका राष्ट्र प्रमुख र सरकार प्रमुखहरूको सहभागिता रहेको छ । *तस्बिर : सिनह्वा*

पेइचिङ, १८ फेब्रुअरी (सीआरआई) । चीनका राष्ट्राध्यक्ष सी चिनफिङले फेब्रुअरी १७ मा ३७ औं अफ्रिकी सङ्घको शिखर सम्मेलन आयोजना भएकोमा बधाई सन्देश गर्नुभएको छ ।

सी चिनफिङले चीन र अफ्रिकाको प्रधानतामा रहेको 'ग्लोबल साउथ' को जोडतोडताका साथ विकास भएको र विश्व इतिहास प्रक्रियामा असर परेको, अफ्रिकी सङ्घ २० मुलुक समूहमा सफलताका साथ संलग्न भएको, यसले गर्दा विश्व शासनमा अफ्रिकाको प्रतिनिधित्व र बोल्न पाउने अधिकारमाथि उकासिएकोमा चीनले शुभकामना दिएको बताउनुभयो ।

सीले विगत एक वर्षमा चीन र अफ्रिकाको सम्बन्ध निरन्तर र गहिरोरूपमा विकसित भएको बताउँदै चीन-अफ्रिका नेताहरूको वार्ता सम्मेलनको सफलताका साथ आयोजना भएको उल्लेख गर्नुभयो ।

सन् २०२४ मा चीन-अफ्रिका सहयोग मञ्चको नयाँ सम्मेलनको आयोजना गरिने जानकारी दिँदै उहाँले अफ्रिकी मुलुकका नेताहरूसँग चीन-अफ्रिका सहयोगको नयाँ प्लु-प्रिन्टको परियोजना गर्ने, चीन-अफ्रिका उच्चस्तरीय भाग्य समुदायको सिर्जना गर्न अगाडि बढ्ने कुरामा जोड दिनुभयो ।

# चीनका परराष्ट्र मन्त्री वाङ यीद्वारा युक्रेन सङ्कटबारे चीनको दृष्टिकोण प्रस्तुत

म्युनिख, १८ फेब्रुअरी (सीआरआई) । स्थानीय समयअनुसार, फेब्रुअरी १७ मा चिनियाँ कम्युनिस्ट पार्टी केन्द्रीय समितिको राजनीतिक व्युरोका सदस्य एवं चीनका परराष्ट्र मन्त्री वाङ यीले म्युनिख सुरक्षा सम्मेलनमा भाग लिएर सम्मेलनको 'चीनको विशेष सत्र' मा सम्बोधन गर्नुभएको छ ।

सो सम्मेलनमा मन्त्री वाङ यीले भन्नुभयो, "चीन बुडापेस्ट स्मृति-पत्रको हस्ताक्षरकर्ता मुलुक नभए पनि सरकारी वक्तव्यद्वारा यसलाई मान्यता दिएको छ ।"




चीनको आणविक नीति आणविक हतियार भएका देशहरूमध्ये सबैभन्दा स्पष्ट र सबैभन्दा उन्नत रहेको बताउँदै उहाँले त्यसमा चीनले पहिला आणविक हतियार प्रयोग नगर्ने बताउनुभयो । युक्रेनलगायत कुनै पनि गैर-आणविक देशहरूमा आणविक हतियार प्रयोग गर्न नहुने उहाँको भनाइ छ । युक्रेन सङ्कट गहिरिएपछि चीनका राष्ट्राध्यक्ष सी चिनफिङले जोड दिनुभएको छ कि आणविक हतियार प्रयोग गर्न सकिँदैन र आणविक युद्ध लड्न सकिँदैन । आणविक सामग्री र सुविधाहरूको सुरक्षाका लागि सबै पक्ष मिलेर काम गर्नुपर्छ भन्नेमा सीले जोड दिनुभएको छ । चीनले आफ्ना प्रतिबद्धता र अन्तर्राष्ट्रिय दायित्वहरू पूरा गरेको छ ।

चीन युक्रेन सङ्कटको निर्माता होइन, न त यो कुनै पक्ष हो भन्दै मन्त्री वाङले थप्नुभयो, "तर चीनले सुरक्षित ठाउँबाट यी समस्याहरू हेरेको छैन । सो अवसरमा हित पनि देखेको छैन । राष्ट्राध्यक्ष सी चिनफिङले सबै देशको सार्वभौमसत्ता र क्षेत्रीय अखण्डताको सम्मान गर्नुपर्ने, संयुक्त राष्ट्र सङ्घको बडापत्रका उद्देश्य र सिद्धान्तहरू पालना गर्नुपर्ने, सबै देशको उचित सुरक्षा चासोलाई गम्भीरतापूर्वक लिनुपर्ने र शान्तिपूर्ण वातावरणका लागि सबै प्रयासहरू हुने कुरा औँल्याउनुभएको छ । सङ्कट समाधानको शान्तिपूर्ण प्रयासलाई आड दिनुपर्छ । यो युक्रेन मुद्दामा चीनको यो नै आधिकारिक अडान हो ।"

# गाजा सम्बन्धमा सुरक्षा परिषद्को नयाँ मतदान रोक्ने अमेरिकी धम्की

संयुक्त राष्ट्रसङ्घ, १८ फेब्रुअरी (एएफपी) । गाजामा 'तत्काल' युद्धविरामको माग गर्ने अल्जेरियाको प्रस्तावमा संयुक्त राष्ट्रसङ्घीय सुरक्षा परिषद्ले आगामी साता मतदान गर्न सक्ने कूटनीतिक स्रोतहरूले शनिबार बताएका छन् । यद्यपि, वासिङ्टन फेरि उक्त प्रस्तावलाई अवरुद्ध गर्न तयार रहेको देखिन्छ ।

जनवरीको अन्त्यमा अन्तर्राष्ट्रिय अदालतले इजराइलले गाजामा आफ्नो युद्धमा नरसंहार कार्य रोक्नका लागि हरसम्भव प्रयास गर्नुपर्ने फैसला गरेपछि अल्जेरियाले एउटा नयाँ मस्यौदामा छलफल सुरु गरेको छ । फैसलामा अदालतले इजराइलले हमास लडाकूहरूलाई निशाना बनाइरहेको बताएको छ ।

एएफपीले शनिबार प्राप्त गरेको मस्यौदा प्रस्तावको पछिल्लो संस्करणमा 'तत्काल मानवीय युद्धविरामको माग गरिएको छ र त्यसलाई सबै पक्षले सम्मान गर्नुपर्ने' उल्लेख छ । "प्यालेस्टिनी नागरिकको जनसङ्ख्याको जबरजस्ती विस्थापनलाई पनि अस्वीकार गर्दछ र सबै बन्धकलाई बिनाशर्त तत्काल रिहाइको माग गर्दछ", प्रस्तावमा भनिएको छ ।

अक्टोबर ७ मा हमाससँग सुरु भएको गाजा युद्धमा इजराइलमा अधिकांश सर्वसाधारणसहित करिब एक हजार एक सय ६० नागरिक मारिएका थिए । हमासले सञ्चालन गरेको स्वास्थ्य मन्त्रालयका अनुसार इजराइलले गाजामा गरेको जवाफी आक्रमणमा अधिकांश महिला तथा बालबालिकासहित कम्तीमा २८ हजार आठ सय ५८ जनाको ज्यान गएको छ ।

अल्जेरियाले मङ्गलबार राष्ट्रसङ्घीय सुरक्षा परिषद्मा मतदानका लागि आग्रह गरेको छ । तर, वासिङ्टनले उक्त मतदानमा विशेषाधिकार प्रयोग गर्नसक्ने सङ्केत दिएको छ । राष्ट्रसङ्घका लागि अमेरिकी राजदूत लिन्डा थोमस-ग्रिनफिल्डले अल्जेरियाको प्रस्तावित मस्यौदाबारे एक विज्ञप्तिमा भन्नुभयो, "अमेरिकी राष्ट्रपति जो बाइडेन इजराइलका प्रधानमन्त्री बेन्यामिन नेतन्याहु र इजिप्ट तथा कतारका नेताहरूसँग बन्धक सम्झौतामा काम गरिरहनुभएको छ, यसले युद्धमा करिब ६ साताको युद्धविराम ल्याउने छ ।"

उहाँले भन्नुभयो, "यसको विपरीत सुरक्षा परिषद्मा राखिएको प्रस्तावले यी परिणाम प्राप्त हुँदैन र वास्तवमा युद्धविरामको विपरीत हुनसक्छ । अमेरिका यो मस्यौदा प्रस्तावमा कारबाहीको समर्थन गर्दैन, यदि मस्यौदाअनुसार यसलाई मतदानका लागि लगियो भने त्यसलाई अपनाउन सकिँदैन ।"

इजराइल र अमेरिकाले विरोध गरेको पछिल्ला मस्यौदा प्रस्तावहरू जस्तै नयाँ मस्यौदा प्रस्तावमा हमासले गरेको अभूतपूर्व आक्रमणको निन्दा गरिएको छैन । यसै महिनाको प्रारम्भमा राजदूत थोमस-ग्रिनफिल्डले अल्जेरियाको पछिल्लो पहलबाट वार्तालाई जोखिममा पार्ने खतरा रहेको बताउनुभएको थियो ।

राष्ट्रसङ्घका लागि प्यालेस्टिनी राजदूत रियाद मन्सुरले हालै भन्नुभएको छ, "अब सुरक्षा परिषद्का लागि मानवीय युद्धविरामको प्रस्तावमाथि निर्णय लिने समय आएको छ भन्ने हामीलाई विश्वास छ, सुरक्षा परिषद्का सदस्यहरूबिच मस्यौदा प्रस्तावको तत्त्वहरूका लागि 'ठुलो समर्थन' छ ।"

अक्टोबर र डिसेम्बरमा गाजाको बढ्दो मानवीय सङ्कटमाथि अन्तर्राष्ट्रिय दबाबका बाबजुद वासिङ्टनले युद्धविरामको माग गर्ने सन्देशहरूमाथि विशेषाधिकार लगाएको थियो । सुरक्षा परिषद्ले अक्टोबर ७ पछि गाजालाई लिएर दुई वटामात्र प्रस्तावलाई अपनाएको छ । यसमा प्यालेस्टिनी क्षेत्रमा ठुलो स्तरमा मानवीय सहायता पुऱ्याउन गरिएको आग्रह पनि समावेश छ ।

## विश्व सङ्क्षेप

### अब्दाभ्कालाई पूर्ण नियन्त्रणमा लिएको रुसको दाबी

मस्को, १८ फेब्रुअरी (एएफपी) । रुसी सेनाले डोनेट्स्क नजिकैको अब्दाभ्का सहरलाई पूर्णरूपमा नियन्त्रणमा लिएको छ । रक्षा मन्त्रालयले आफ्नो टेलिग्राम च्यानलमा अब्दाभ्का सहरलाई पूर्णरूपमा नियन्त्रणमा आएको घोषणा गरेको छ । लेफ्टिनेन्ट जनरल एन्ड्रे मोर्डविचेभको नेतृत्वमा केन्द्रीय समूहका सैनिकहरूले अब्दाइभ्का सहरलाई नियन्त्रणमा लिएको रुसी रक्षामन्त्री सर्गेई शोइगुले क्रेमलिनमा रुसी राष्ट्रपति भ्लादिमिर पुटिनलाई जानकारी गराउनुभएको छ ।

रुसी सेनाले युक्रेनी सेनाबाट ३१.७५ वर्ग किलोमिटर क्षेत्र आफ्नो नियन्त्रणमा लिएको र युक्रेनले पछिल्लो २४ घण्टामा अब्दाइभ्का सहरलाई नियन्त्रणमा लिएको लडाइँमा एक हजार ५०० भन्दा बढी सैनिक युक्रेनले गुमाएको मन्त्रालयले जनाएको छ ।

"रुसी सेनाको निरन्तर आक्रमणपछि युक्रेनी लडाकूहरूको अलग-अलग छरिएका स्थानहरूबाट मात्र हतियार र सैन्य उपकरणहरू छोडेर हतारमा अब्दाइभ्का छोड्न सफल भएका छन्," मन्त्रालयद्वारा जारी विज्ञप्तिमा भनिएको छ । दुई दिनपहिले युक्रेनले अब्दाइभ्कामा ठुलो क्षति हुने देखिएपछि आफ्नो सेना सीमाबाट केही पछि हटेको बताएको थियो ।

### रुसका लागि युक्रेन युद्ध जीवन र मृत्युको सवाल : पुटिन

मस्को, ६ फागुन (एएफपी) । युक्रेनका राष्ट्रपति भ्लादिमिर पुटिनले युक्रेनको युद्धभूमिमा भएका घटना रुसका लागि 'जीवन र मरणको विषय' भएको बताउनुभएको छ । क्रेमलिनले आफ्नो जनसङ्ख्यामा देशभक्तिको भावना जगाउनका लागि लगभग दुई वर्ष लामो द्वन्द्वलाई रुसको अस्तित्वको लडाइँहरूको रूपमा पटक-पटक प्रस्तुत गर्दै आएको छ । पुटिनले रुसी सरकारी टिभीसँगको अन्तर्वार्तामा भन्नुभयो, "मलाई लाग्छ अझै पनि हामी आफैले र अझ बढी विदेशमा रहेका हाम्रा श्रोता र दर्शकहरूका लागि हाम्रो सोच्ने तरिका बुझ्न महत्त्वपूर्ण छ ।"

"युक्रेनको मोर्चामा जे भइरहेको छ : उनीहरूका लागि यो उनीहरूको रणनीतिक स्थितिको सुधार हो । यो रुसका लागि जीवन र मृत्युको विषय पनि हो र भाग्य पनि हो," उहाँले भन्नुभयो ।

पुटिनले अमेरिकी 'टक शो' प्रस्तोता टकर कार्लसनलाई दिएको दुई घण्टा लामो अन्तर्वार्ताको बारेमा सोधिएको प्रश्नको जवाफमा यस्तो बताउनुभएको हो । उक्त अन्तर्वार्तामा पुटिनले रुसी इतिहासबारे लामो कुराकानी गर्नुभएको थियो र युक्रेनको राज्यका बारेमा निरन्तर प्रश्न उठाउनुभएको थियो ।

"पश्चिमा र अमेरिकी श्रोता तथा दर्शकका लागि यो सजिलो थिएन । "कार्लसन अन्तर्वार्तामा पुटिनको लामो, ऐतिहासिक विचारबारे सोधिएको प्रश्नमा पुटिनले भन्नुभयो । उहाँले भन्नुभयो, "संयुक्त राज्य अमेरिकाको इतिहास लगभग ३०० वर्षको छ, र मैले ८६२ मा सुरु गरेँ । त्यसैले मलाई लाग्छ, अमेरिकी दर्शकका लागि यो बुझ्न सजिलो थिएन ।"

### पूर्वी चीनको जियाङ्सुस्थित कारखानामा विस्फोट : चारको मृत्यु, दुई बेपत्ता

नान्जिङ, १८ फेब्रुअरी (सिन्ह्वा) । पूर्वी चीनको जियाङसु प्रान्तको नान्टोङको कारखानामा आइतबार बिहान भएको विस्फोटमा तीन जनाको मृत्यु हुनुका साथै दुई जना बेपत्ता भएको स्थानीय अधिकारीहरूले बताएका छन् ।

नान्टोङअन्तर्गतको सहरको हाइआन आपत्कालीन व्यवस्थापन ब्युरोले घटनाको पुष्टि गरेको छ । विस्फोटका पीडितहरूको खोजी तथा उद्धार कार्य जारी छ ।

# गाजाको मध्य क्षेत्रमा इजरायली आक्रमण हुँदा ४० प्यालेस्टिनीको मृत्यु

गाजा, १८ फेब्रुअरी (सिन्ह्वा) । गाजा पट्टीको मध्य क्षेत्रमा आवासीय घरहरूलाई लक्षित गरी गरिएको इजरायली आक्रमणमा शनिबार कम्तीमा ४० जना प्यालेस्टिनीको मृत्यु हुनुका साथै अन्य कैयौँ घाइते भएका छन् ।

प्यालेस्टिनी चिकित्सा स्रोतका अनुसार इजरायली लडाकु विमानले मध्य गाजा पट्टीको नुसिरात, अल-जावैदा र देइर अल-बलाह क्षेत्रका घरहरूमा सशस्त्र छापा मार्दा दर्जनौँ मानिसहरूको मृत्यु हुनुका साथै धेरै घाइते भएका छन् ।

उद्धारकर्ताहरूले ४० वटा शवहरू उद्धार गर्न सक्षम भए भने अझै पनि दर्जनौँ भग्नावशेषमुनि रहेका छन् । मृतक तथा घाइतेहरूलाई देइर अल-बलाह सहरको अल-अक्सा सहिद अस्पतालमा राखिएको छ ।

गाजाको स्वास्थ्य मन्त्रालयका अनुसार सात अक्टोबर २०२३ मा गाजापट्टीमा इजरायली युद्ध सुरु भएदेखि मृत्यु प्यालेस्टिनीको सङ्ख्या २८ हजार ८५८ पुगेको छ ।

हमासले गाजापट्टीको छेउमा रहेका इजरायली सहरमा आक्रमण गरेपछि इजरायलले लगातार पाँचौँ महिना गाजापट्टीमा ठुलो मात्रामा सैन्य कारबाही चलाएको छ । सन् २०२३ को अक्टोबर ७ मा हमासले गरेको आक्रमणमा करिब एक हजार २०० इजरायलीको मृत्यु भएको थियो भने दुई सयभन्दा बढी बन्धक बनाइएका थिए । बन्धकमध्ये करिब एक सयलाई युद्धविराम सम्झौताअन्तर्गत मुक्त गरिएको छ भने करिब ३० जनाको मृत्यु भएको र बाँकी अझै हमासको नियन्त्रणमा रहेको उल्लेख छ ।

आक्रमणको बदलामा इजरायलले गाजामा चलाएको सैन्य कारबाहीमा २८ हजारभन्दा बढी व्यक्तिको मृत्यु भएको छ । मृतकमध्ये अधिकांश महिला, बालबालिका तथा निर्दोष सर्वसाधारण रहेका प्यालेस्टिनी प्रशासनले दाबी गर्दै आएको छ ।

## सन्दर्भ : प्रजातन्त्र दिवस

# नेपालीहरू राणाशासनको रैतीबाट सार्वभौम नागरिक बनेको दिन

✍ एकराज पाठक

फागुन ७ नेपालमा एक सय चार वर्षको जहानियाँ र निरङ्कुश राणाशासनको अन्त्य गर्दै लोकतन्त्र स्थापना भएको दिन । नेपाली जनताको बलिदानीपूर्ण सङ्घर्षबाट मुलुकमा प्रजातन्त्रको उदय भएको ऐतिहासिक दिन । यस दिन मुलुकमा प्रजातन्त्रको स्थापनाका लागि आफ्नो जीवनको आहुति दिने सहिदहरूको स्मरण गर्ने दिन ।

त्यस्तै नेपाली नागरिकले चुनेका प्रतिनिधिबाट आफूले चाहेको शासन व्यवस्थाको स्थापनाका लागि आधारशिला खडा गरेको दिन पनि । त्यसैगरी फागुन ७ मुलुकमा प्रेस स्वतन्त्रताको ढोका खुलेको दिन । त्यसैले यस दिनलाई नेपालमा गएको सात दशकयतादेखि प्रजातन्त्र दिवसका रूपमा मनाउँदै आइएको छ ।

अहिलेको विश्व प्रजातान्त्रिक शासन व्यवस्थाको अभ्यासमा छ । अघिल्लो दशक मध्यपूर्वी देशहरूमा आएको प्रजातान्त्रिक आन्दोलनको लहर लोकतान्त्रिक शासन व्यवस्था प्राप्तिको पछिल्लो सङ्घर्षको उदाहरण हो । यो अभ्यास विश्वमा लोकतान्त्रिक शासन व्यवस्था नै नागरिकले चाहेको उत्तम व्यवस्था हो भन्ने एउटा उदाहरण पनि हो । निर्वाचनमार्फत आफैले चुनेका प्रतिनिधिहरूको शासन व्यवस्थाको पक्षमा वर्तमान विश्व रहेकाले समय समयमा कुनै देश तथा क्षेत्रमा स्वतन्त्रताको आन्दोलन हुने गरेको समाचार हामीले सुन्ने गरेकै छौँ । नागरिकहरूले आफ्ना आवाज विविध माध्यमबाट मुखरित गरेर लोकतान्त्रिक शासनका पक्षमा वकालत गर्ने गरेका छन् ।

तर आजभन्दा सात दशकअघिको सङ्घर्षको कुरा गर्दा नागरिकले प्रजातन्त्रका लागि कसरी आफ्ना आवाज बुलन्द गर्न सकेका थिए भन्ने कल्पनामात्र पनि कति कठिन छ । त्यो समयको नेपालका नागरिकमा पनि देशमा प्रजातन्त्रको आवश्यकता छ भन्ने कुराको चेतना सम्मानयोग्य छ । हुन त अहिले पनि प्रजातन्त्रका लागि समय समयमा आन्दोलन हुने गरेको छ र नागरिक सडकमा आउने गरेका छन् । जस्तो कि विसं २०६२/६३ को जनआन्दोलनका पनि हामी नै प्रत्यक्षदर्शी मात्र होइन सहभागी नै हौँ ।

तर आफ्नाविरुद्ध आवाज उठाउनेलाई नै मृत्युदण्ड दिन्थे राणाशासकहरू । चार शहीदलाई दिइएको मृत्युदण्ड यसैको एउटा प्रमाण हो । त्यस्तो अवस्थामा पनि सत्ताविरुद्ध नागरिक सडकमा ओर्लिएर कसरी सङ्घर्ष गरे होलान् ? त्यसैले पनि यो सङ्घर्ष र क्रान्तिको नेपालको राजनीतिक इतिहासमा विशिष्ट र महत्वपूर्णस्थान रहिआएको छ । मुलुकमा प्रजातन्त्रको उदय यही सङ्घर्षको उपज हो ।

यही क्रान्तिबाट मुलुकमा एक सय चार वर्षसम्म कायम रहेको जहाँनिया राणाशासनको अन्त्य भई प्रजातान्त्रिक, राजनीतिक र संवैधानिक व्यवस्थाको प्रारम्भ भएको थियो । यस दिनलाई नेपाली जनता राणाशासनका रैतीबाट स्वतन्त्र र सार्वभौम नागरिक बन्ने बाटो प्रशस्त भएको दिनका रूपमा लिनुपर्ने हुन्छ । अहिले लोकतन्त्र भनौँ या गणतान्त्रिक व्यवस्थाको ढोका पनि यही परिवर्तनले खोलिदिएको हो । आधुनिक सङ्घीय लोकतन्त्रात्मक गणतान्त्रिक व्यवस्थाको जगको शिला २००७ सालको क्रान्ति हो भन्दा कुनै गल्ती हुँदैन । बरु त्यो सात दशक पुरानो सङ्घर्षको कथा आधुनिक नेपालको स्वतन्त्रता प्राप्तिको आन्दोलनको एक गतिलो प्रेरणा हुनसक्छ ।

अहिले आ-आफ्ना हातमा रहेका सामाजिक सञ्जालबाट आफ्ना आवाज उठाउने, मिडियाबाटै आन्दोलन गर्ने र असङ्ख्य नागरिकसम्म पऱ्याउने समाजले २००७ सालको सङ्घर्षको कल्पना मात्र पनि अहिलेको प्रेरणा बन्न सक्दछ । तर इतिहासको अध्ययनले त्यति कठोर र महत्त्वपूर्ण सङ्घर्षबाट प्राप्त भएको परिवर्तनको उपलब्धिलाई संस्थागत गर्न भने सकेको देखिँदैन ।

जनताको बलिदानीबाट प्राप्त भएको सो व्यवस्था एक दशक नपुग्दै गुम्न पुगेको थियो । विसं २०१७ को राजा महेन्द्रको प्रतिगामी कदमबाट त्यस समयको शिशु प्रजातन्त्र गुमेर देशमा पुन: दलविहीन कठोर राजनीतिक व्यवस्थाको सुरुआत भएको थियो । पछि पनि नेपाली नागरिकलाई जनअधिकार पुन:प्राप्तिका लागि पटकपटक सङ्घर्ष गर्नुपर्ने बाध्यात्मक परिस्थिति सिर्जना भएको हामीले देखे भोगेका छौँ ।

नेपाली जनताले लोकतन्त्र र समुन्नत समाज स्थापनाका लागि गरेका त्याग र बलिदानको परिणामस्वरूप अहिले देश सङ्घीयता र गणतन्त्रसम्म पुगेको छ । यसैको परिणामस्वरूप समानुपातिक समावेशिता सहितको नयाँ संविधान पनि नेपाली नागरिकले पाएका छन् ।

त्यसो त नेपाली नागरिकले संविधानसभाबाट आफैले चुनेका प्रतिनिधिले निर्माण गरेको संविधान पाउने अपेक्षा सात दशकअघि नै गरेका थिए । यो एजेण्डा २००७ सालको परिवर्तनबाट स्थापित भएको भए पनि जनताको त्यो सपना पूरा हुनुको साटो उल्टै २०१७ मा दलविहीन पञ्चायती व्यवस्थाको स्थापना हुन पुगेको थियो । त्यही व्यवस्थाले मुलुकमा पूरै ३० वर्ष शासन गऱ्यो र पुन: २०४६ मा प्रजातन्त्रको पुन:स्थापनाका लागि लड्नुपऱ्यो । त्यसपछि पनि नेपाली नागरिक २०६२ सालमा अर्को आन्दोलनका लागि जुट्नुपरेको थियो ।

तर संविधानसभाको निर्वाचनपछि जारी भएको हालको संविधानले लामो समयसम्म एकात्मक र केन्द्रिकृत अवस्थाबाट गुज्रेको शासन व्यवस्थालाई सङ्घीय स्वरूपमा परिवर्तन गरी सिंहदरबारमा रहेको अधिकार, स्रोत र साधनलाई संविधानको भावनाअनुरूप प्रदेश र स्थानीय तहमार्फत नागरिकसम्म पुऱ्याएको छ । यो संविधानको मर्मअनुसार शासन व्यवस्था सञ्चालन हुने हो भने यसबाट विभिन्न समुदायको पहिचानको चाहना पूरा हुने मात्र होइन, राज्य प्रणालीमा जवाफदेहिताका साथै राज्यले दिनुपर्ने अवसरबाट बञ्चित भई पछाडि परेका वर्ग र समुदायको पनि पहुँच बढ्न गई समग्र राज्य प्रणालीप्रति जनताको स्वीकार्यता स्थापित हुनेछ ।

यो व्यवस्थाले दिएको उपलब्धिमा हामीले बिर्सनै नहुने अर्को एक महत्त्वपूर्ण पाटो भनेको नागरिकको विचार तथा अभिव्यक्ति स्वतन्त्रता पनि हो । विसं २००७ फागुन ७ गते नेपालमा प्रजातन्त्रको उदय भएको भोलिपल्टै राजधानी काठमाडौँबाट पहिलो दैनिक पत्रिका प्रकाशन भयो । देशवासीले प्रजातन्त्र प्राप्त गरेको २४ घन्टाभित्रै निजी क्षेत्रबाट अर्थात् कुनै व्यक्तिको पहलकदमीबाट दैनिक पत्रिका प्राप्त गर्नुलाई मुलुकको प्रेस क्षेत्रले एक ऐतिहासिक उपलब्धिका रूपमा लिन सक्दछ । त्यस समयका युवाकवि सिद्धिचरण श्रेष्ठले 'आवाज' नामको दैनिक पत्रिका विसं २००७ फागुन ८ गते प्रकाशन गर्नुभएको थियो । यो दृष्टान्त पनि त्यस समय नागरिक आफ्ना विचार अभिव्यक्त गर्न कति आतुर र इच्छुक थिए भन्ने कुराको एउटा गतिलो प्रमाण हो ।

मुलुकमा राणाशासन थियो । राणाशासन भनेपछि हाम्रो मानसपटलमा आइहाल्ने एउटा स्मृति हो- क्रुरता र निरङ्कुशता । नागरिकले त्यस शासनविरुद्धमा बोल्न र आफ्ना विचार अभिव्यक्त गर्न पाउँदैनथे । त्यस्तो शासन ढलेर मुलुकले प्रजातन्त्र प्राप्त गरेको २४ घन्टाभित्रै दैनिक पत्रिका प्रकाशन गर्न कसरी सम्भव भयो होला ? जबकि राणा शासनको एक सय चार वर्षको अवधिमा करिब १३ वटा पत्रिका प्रकाशन भएका थिए । त्यो पनि अधिकांश अखबार नभई साहित्यिक थिए ।

राणाशासकको विरुद्धमा गएर कुनै पत्रिका प्रकाशन गर्न सक्ने अवस्था नै नभएकाले प्राय: सम्पादक नै उनीहरूले नै नियुक्त गर्दथे । त्यसको तुलनामा प्रजातन्त्रको अवधिमा हाते पत्रिकासमेत गरी करिब दुई सय पत्रिका प्रकाशन भएका थिए ।

यसरी अघिल्लो शासनका तुलनामा दश वर्षमै यतिका पत्रिका प्रकाशन हुनु सामान्य कुरा थिएन । देशको प्रेस जगतले यस्तो अभ्यास गर्न पाउने अधिकारको जग वास्तवमा २००७ सालको प्रजातन्त्रपछि बसेको हो । आधुनिक पत्रकारिता तथा प्रेस स्वतन्त्रताको अभ्यासको जग पनि २००७ देखि २०१७ को दशकमा बसेको मान्नुपर्छ । प्रेस स्वतन्त्रताले सदैव देशको राजनीतिक शासन प्रणालीलाई पछ्याएको हुन्छ भन्ने तथ्यको प्रमाण यो भन्दा अर्को केही हुदैन । उदाहरणस्वरूप नेपालकै प्रजातन्त्र र प्रेसको उतारचढावलाई लिन सकिन्छ । जहाँ प्रजातन्त्र छ त्यहाँ मात्र प्रेस स्वतन्त्रता सम्भव छ र मिडिया फस्टाएको पनि छ ।

अनि लोकतान्त्रिक शासन प्रणालीको अनुपस्थितिमा स्वतन्त्र प्रेस कल्पनामात्रको हुन्छ यथार्थ बन्न सक्दैन । त्यसैले २००७ सालको प्रजातन्त्रपछि मात्र मुलुकमा स्वतन्त्र प्रेसको शिलान्यास भएको हो भन्दा हुन्छ । प्रजातन्त्र दिवसले देशमा राजनीतिक स्थिरता प्रदान गरी हाल जारी रहेको लोकतान्त्रिक शासन व्यवस्थाको सुदृढीकरण र संविधानको कार्यान्वयनमार्फत जनताको जीवन पद्दतिमा गुणात्मक परिवर्तन ल्याउनसक्ने प्रेरणा सबैमा दिन सकोस् । व्यवस्था आफैमा साध्य होइन साधन हो । यो साधनका माध्यमबाट साध्य सिद्ध गर्नुपर्दछ । त्यसका लागि कर्ताहरू आवश्यक पर्दछन् र ती कर्ता अर्थात् पात्र भनेका शासन व्यवस्थामा बस्ने व्यक्ति अर्थात् नेतृत्व हुन् ।

ती प्रतिनिधिको छनोट गर्ने विधि पनि नेपाली नागरिकले समय समयमा गरेका क्रान्ति तथा सङ्घर्षबाट प्राप्त भएको प्रजातान्त्रिक व्यवस्थाबाटै स्थापित भएको लोकतान्त्रिक गणतन्त्रात्मक व्यवस्था नै हो । आजका दिनमा यो व्यवस्थालाई दिगो बनाउन र यसैबाट नागरिकका आशा आकाङ्क्षा पूरा गरी समृद्ध मुलुक स्थापना गर्न राजनीतिक नेतृत्वलाई पनि प्रेरणा प्रदान गर्न सकोस् । प्रजातन्त्र दिवसको सबैमा शुभकामना ।

(पाठक राससका प्रधानसम्पादक हुनुहुन्छ)

# जैविक मार्गको अवरोधले मानव–जीवजन्तुबिचको द्वन्द्व बढ्दै

कञ्चनपुर, ६ फागुन । लालझाडी मोहना संरक्षित वन क्षेत्र हात्तीलगायतका वन्यजन्तुको पुरानो जैविक मार्ग (करिडोर) का रूपमा रहेको छ । संरक्षित वन क्षेत्र हात्ती, बाघ, चितुवा, चित्तललगायतका वन्यजन्तुको ओहरदोहर गर्ने मार्गका रूपमा परिचित रहेको छ ।

भारतीय दूधुवा नेसनल पार्क हुदै वन्यजन्तु संरक्षित वन र शुक्लाफाँटा राष्ट्रिय निकुञ्ज क्षेत्रमा पुग्ने गर्दछन् । निकुञ्ज, संरक्षित वन क्षेत्र र दुधुवा नेसनल पार्क जोड्ने पुरानो जैविक मार्ग मासिँदा जङ्गली जनावरले प्रतिवर्ष मानवीय र भौतिक क्षति पुऱ्याउँदै आएका छन् । जैविक मार्गको कनेक्टभिटी टुटेपछि जङ्गली जनावर बस्ती छिर्ने गरेका हुन् । पुनर्वास नगरपालिकाको डोकेबजार, नौरङ्गा, दोदा नदीको आसपासको क्षेत्रमा जङ्गली जनावरले ओहरदोहर गर्दै आएका छन् ।

जैविक मार्गको अवरोध हटाउनका लागि पटकपटक बहस र छलफल हुने गरे पनि सार्थकतामा परिणत नहुँदा मानव वन्यजन्तु द्वन्द्व बढ्दै जान थालेको डिभीजन वन कार्यालय कञ्चनपुरका डिभिजनल वन अधिकृत भीमप्रसाद कँडेलले राससलाई जानकारी दिनुभयो ।

"हात्ती हिँडडुल गर्ने वन क्षेत्र कम हुन थालेपछि मानव बस्तीमा पसेको छ, बालीनाली खान थालेको छ" उहाँले भन्नुभयो ।

दिउँसै चितुवालगायतका जनावर देखिने गरेको उहाँले सुनाउनुभयो । नेपाल-भारत सीमा क्षेत्रसँग जोडिएको क्षेत्र भएकोले अन्तर्राष्ट्रिय महत्वको जैविक मार्गका रूपमा रहेको उहाँले बताउनुभयो ।

"जैविक मार्ग भएर ओहरदोहर गर्ने जीवजन्तु संरक्षणका लागि जनचेतनाका माध्यमबाट स्थानीय बासिन्दामा जागरण पैदा गर्नुपर्ने अवस्था आएको छ" उहाँले भन्नुभयो ।

सामुदायिक वन समन्वय समिति कञ्चनपुरका अध्यक्ष महेशदत्त जोशी वन अतिक्रमण हुँदै जानु, खुला चरिचरन र वन क्षेत्र वरपरका बासिन्दाको आयआर्जनका अवसरमा कमी हुँदा वन संरक्षणको क्षेत्रमा चुनौती थपिँदै गएको बताउनुभयो ।

उहाँका अनुसार संरक्षित वन क्षेत्रको ८७ प्रतिशत भू भाग तराई र भावरमा पर्दछ भने १३ प्रतिशत भू भाग चुरे क्षेत्रमा पर्दछ । जैविक विविधताले भरिपूर्ण यो क्षेत्र जीवजन्तुको जैविक मार्गसँगै प्राकृतिक ताल तलैयाले भरिपूर्ण रहेको छ । आवादीसहित यसको क्षेत्रफल ३७ हजार २९ दशमलव ५४ हेक्टर रहेको छ । वन क्षेत्र मात्रै २९ हजार ६ सय ४१ दशमवल ७५ हेक्टर रहेको छ । रासस

हार्दिक समवेदना



गोविन्ददास कोजु

जन्म : १९८८ श्रावण १२ गते   निधन : २०८० फागुन २ गते

यस युवा व्यवसाय हित समूहका सदस्य आशराम कोजुका पूजनीय पिता **गोविन्ददास कोजु**को असामयिक निधन भएकोमा दिवङ्गत आत्माले वैकुण्ठबास होस् भनी चिरशान्तिको कामनाका साथ भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दै शोकसन्तप्त परिवारजनप्रति हार्दिक समवेदना प्रकट गर्दछौँ ।

सानुकाजी चिकंबन्जा
गंगाराम रंजित
सविनभक्त कायष्ठ
कृष्णप्रसाद किसी
नविन कवां
श्यामसुन्दर कोजु
राजाराम लवजु
सानुकाजी त्वानाबासु
राजाराम कोजु
श्रीकृष्ण गोसाई

युवा व्यवसाय हित समूह
भक्तपुर-७, जगाती

हार्दिक समवेदना

जन्म
१९९७/०७/०९



निधन
२०८०/११/०४

तुल्सी सुजखु

मेरो प्रात: स्मरणीय एवं प्रिय श्रीमान् **तुल्सी सुजखु**को दु:खद निधन भएको आज चौथो दिन (लक्च) को पुण्यतिथिमा दिवङ्गतप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दै शोकसन्तप्त परिवारजनमा हार्दिक समवेदना व्यक्त गर्दछौँ ।

श्रीमती
नारायणदेवी सुजखु

छोरा/बुहारी
विजेन्द्र/कृष्णलक्ष्मी सुजखु

छोरी/ज्वाइँ
स्व. तुल्सीदेवी मचामसी
रञ्जना/विश्वराम कर्माचार्य
चम्पा/मदन डंगोल
पर्वती/रोजेश जाकीबन्जार

नातिनी
रविना सुजखु
विविशा सुजखु

नाति/बुहारी
निजेन/चेविना सुजखु

समस्त सुजखु परिवार

*स्वार्थ...*

संस्थानले २-३ महिनादेखि स्थानीय किसानहरूको दूध किनेको छैन र किसानको दूधको भुक्तानी पनि दिएको छैन, दूध किन्न लगाउनु र भुक्तानी दिलाउनु जरूरी छ ।

पुँजी लगानीसम्बन्धी अन्तर्राष्ट्रिय सम्मेलन नेपालमा हुने चर्चा छ । साम्राज्यवादी र पुँजीवादी देशका लगानीकर्ताहरूमा मानवता हुँदैन । उनीहरूलाई लगानी गर्न बोलाउनु नेपालमा शासन गर्न र नेपालीलाई शोषण गर्न बोलाउनुजस्तै हो । देश बेच्नु भनेको देश उठाएर लाने होइन । एमसीसी सम्झौता गरेर विदेशीको नीति र कानुन मान्नु र नेपालका जलस्रोत भारतीय कम्पनीहरू - जीएमआर र सतलजलगायतलाई दिनु पनि देश बेच्नुजस्तै हो । देशघाती काम गर्ने प्रधानमन्त्री र मन्त्रीहरूलाई आफ्नै सुरक्षा गार्डबाट गोली हानी हत्या गरिएको संसारमा धेरै उदाहरण छन् । नेपालमा यस्तो घटना नदोहोरिने कामना गर्न चाहन्छु ।

*(नेपाल मजदुर किसान पार्टीका सांसद प्रेम सुवालले 'आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व (पहिलो संशोधन) अध्यादेश २०८० लाई अस्वीकार गरियोस्' भन्ने प्रस्तावमा राख्नुभएको मन्तव्यको सार ।*

*अर्थमन्त्री प्रकाशशरण महत सांसद सुवालको मन्तव्यबारे छुट्टै छलफल गर्नुपर्ने बताउँदै पन्छिएका थिए । सभामुख देवराज घिमिरेले सांसद सुवाललाई अध्यादेश अस्वीकार प्रस्ताव फिर्ता लिन चाहेमा फिर्ता लिन समय दिनुभयो । सांसद सुवालले सन् १८२५ को डिसेम्बरमा रूसमा राजतन्त्रको विरोधमा खानदानीवर्गको विद्रोह हुँदा एउटा पर्चामा 'रुसी राजा जारलाई ठुलो डाँकु' भनेर उल्लेख गरिएको थियो । यो अध्यादेशमा देशको राजस्व अर्थमन्त्रीको पेवा नबनाउने र युवालाई स्वदेशमै रोजगारी दिने विषय राख्दा अर्थमन्त्रीले छुट्टै छलफल गर्ने बताउनु जिम्मेवारीबाट पन्छिनु हो । त्यसकारण सांसद सुवालले आफ्नो अध्यादेश अस्वीकार प्रस्ताव फिर्ता नलिने जानकारी गराउनुभयो । नेका, माओवादीलगायत सत्तापक्ष मिलेर अध्यादेश अस्वीकार प्रस्तावलाई बहुमतद्वारा विफल पारियो भने प्रमुख विपक्षी एमालेलगायत रास्वपा र राप्रपा मौन बसे ।)*

**प्रम, मन्त्री र शासक दलका नेताहरू स्वअनुशासनमा नबसेसम्म बैङ्किङ कसुर नियन्त्रण नहुने**

बैङ्किङ कसुर नियन्त्रणसम्बन्धी विधेयकमा समावेश हुनुपर्ने केही सैद्धान्तिक विषय सङ्क्षिप्तमा प्रस्तुत गर्दछु ।

शासक दलहरूले पार्टीको नाम, सिद्धान्त र पार्टी झन्डालाई ट्रेडमार्क बनाएसम्म, राणा प्रधानमन्त्री चन्द्रशमशेरले दास मोचनको नाममा हिन्दुस्तानमा रेलको पटरी बिछ्याउन सस्तोमा नेपाली युवालाई ज्यामी पठाएजस्तै कमैया मुक्तिको नाममा युवालाई वैदेशिक रोजगारीमा पठाइएसम्म बैङ्क तथा वित्तीय संस्थामा हुने बैङ्किङ कसुर नियन्त्रण हुनेछैन ।

बैङ्किङ कसुर नियन्त्रण गर्न निजी बैङ्क तथा वित्तीय संस्थाहरूलाई सार्वजनिक स्वामित्वमा ल्याउनु जरूरी छ । स्रोत नखुलेको सम्पत्ति राज्यको स्वामित्वमा ल्याउनु आवश्यक छ । नेपालीको सम्पत्तिको सीमाङ्कन र विदेशमा सम्पत्ति राख्न नपाउने व्यवस्था हुनु जरूरी छ ।

देशको सन्तुलित विकास भए बैङ्किङ कसुर नियन्त्रणमा मदत पुग्नेछ । यसको लागि बसाइँसराइ जिल्लाभित्र सीमित गर्नु आवश्यक छ । प्रधानमन्त्री, मन्त्री र शासक दलका नेता र सांसदहरू सङ्घ तथा प्रदेशको राजधानीमा घरजग्गा जोड्ने होडबाजीमा नलागी स्वयम्सेवी भावनामा काम गरी आ-आफ्ना कार्यकर्तामा पनि स्वयम्सेवी भावना जगाउन लागिपर्नु पर्दछ । संविधानको समाजवादउन्मुख व्यवस्थाअनुसार प्रधानमन्त्री र मन्त्रीहरूले मनदेखि देश र जनताको सेवा गर्नु आवश्यक छ ।

प्रधानमन्त्री, मन्त्री र शासक दलहरूको कम्बोडिया, स्वीजरल्यान्ड, दुबई, बेलायतमा भएको सम्पत्ति अविलम्ब फिर्ता ल्याउनु जरूरी छ । उद्योगीको भेषमा माफियालाई विद्युत् महशुल छुट दिने होइन, हर्जानासहित असुलउपर गरी विद्युत् लाइन बन्द गर्नुपर्छ । पूर्व-पश्चिमबाट हिँडेर राजधानी आएका मिटरब्याज पीडितहरूको समस्या सम्बोधन गर्नुपर्छ । तब बैङ्किङ कसुर नियन्त्रण हुनेछ ।

ललिता निवासको २९९ रोपनी सरकारी जग्गा र काठमाडौँ, थँवहीको सार्वजनिक कमलपोखरी र बगैँचासहित साढे २६ रोपनी जग्गा व्यक्तिको नाममा दर्ता गराउने, तारागाउँ विकास समितिको सरकारी जग्गा निजी होटललाई दिने, सरकारी जग्गामा च्यारिटीको नाममा निजी अस्पताल बनाउन दिने, बालमन्दिरको सरकारी जग्गामा निजी विद्यालय खोल्न दिने, गिरीबन्धु टिस्टेटको जग्गालाई स्थानान्तरण गराई कमिसन खानेलगायत देशघाती काममा संलग्न प्रधानमन्त्री र मन्त्रीहरूलाई कारबाही भएमात्र बैङ्किङ कसुर नियन्त्रण हुनेछ । सरकारको नीतिगत निर्णय भनी भ्रष्टाचारमा संलग्न प्रधानमन्त्री र मन्त्रीहरूलाई छुट दिइए शासकहरू स्वअनुशासनमा बस्नेछैनन्, देश ठाउँमा रहनेछैन ।

नेपाली काङ्ग्रेसको सरकारबाट सुरू भएको प्रत्येक निर्वाचन क्षेत्रबाट दुई दुईसय युवालाई वैदेशिक रोजगारीमा पठाउने कामलाई पछिल्ला सरकारहरूले पनि निरन्तरता दिँदा पैसा लुकाउनेहरूको मनोबल बढ्यो र बैङ्किङ कसुर पनि बढ्यो । गोर्खा भर्तीबाट नेपाली युवालाई विदेशी सेनामा भर्ती सुरू भएको अहिले युक्रेन, रुस, फ्रान्स, अमेरिकालगायत सेनासम्म भर्ती पुऱ्याइयो । यसबाट कमिसन खानेहरूकै कारण बैङ्किङ कसुर बढेको हो । विदेशी लगानी नेपालमा भित्र्याउने नाममा अहिले नेपाली युवालाई शोषण गराउने सरकारी तयारी छ । विदेशीलाई नेपालमा पुँजी लगानी गर्न बोलाउनु भनेको नेपाललाई नवउपनिवेश बनाउन बोलाउनु जस्तै हो । यी देशघाती काम रोकिएमा मात्र बैङ्किङ कसुर नियन्त्रण हुनेछ ।

*(नेपाल मजदुर किसान पार्टीका सांसद प्रेम सुवालले २०८० फागुन ६ गतेको प्रतिनिधिसभामा बैङ्किङ तथा वित्तीय संस्थाको कसुरसम्बन्धी विधेयकको सैद्धान्तिक छलफलमा राख्नुभएको मन्तव्यको सार । यो विधेयकमा नेका, एमाले, रास्वपालगायत सांसदहरूले पनि आपत्ति जनाउँदै मन्तव्य राखेका थिए । तर, विधेयक निर्णयार्थ प्रस्तुत हुँदा सांसद सुवालको मात्र विपक्षमा मत पऱ्यो । नेका, माओवादीलगायतको सत्ता गठबन्धनको बहुमतबाट विधेयकको सैद्धान्तिक छलफललाई पारित गरियो । एमाले, रास्वपा र राप्रपा मौन बसे ।)*

*हार...*

मानसिकता, खेमा राजनीति र शून्य-योग खेलहरूद्वारा परिभाषित, मित्र र शत्रु, सहयोगी र प्रतिद्वन्द्वीको धारणालाई आकार दिन जारी छ ।

प्रतिवेदनमा लेखकहरूले एक विचलित प्रवृत्ति पनि देखे: देशहरूले अन्तर्राष्ट्रिय समुदायको सामूहिक हितलाई प्राथमिकता दिनुको सट्टा सापेक्षिकरूपमा आफ्नो सफलतालाई बढ्दोरूपमा परिभाषित गर्दै छन् ।

मानवजातिको साझा भविष्यसहितको समुदाय निर्माण गर्ने चीनको प्रतिबद्धता कथित खतराहरूको सामना गर्ने र आफ्नो प्रभुत्व जोगाउने पश्चिमाहरूको व्यस्तताको विपरीत छ ।

चीनको बेल्ट एन्ड रोड इनिसिएटिभ (बीआरआई) र बीआरआईको समानान्तरमा पश्चिमी योजनाहरूको श्रृङ्खलालाई विचार गर्दा, तथ्य आफै स्पष्ट छ ।

जी सेभेन समूहको ग्लोबल इन्फ्रास्ट्रक्चर र इन्भेस्टमेन्टका लागि साझेदारी होस् वा वाशिङटनको 'बिल्ड ब्याक बेटर वर्ल्ड' योजना होस् वा युरोपेली सङ्घद्वारा ग्लोबल गेटवे इनिसिएटिभ, पश्चिमी ब्रान्ड निर्माण अभ्यास हो, रोयटरको टिप्पणीमा, केवल विकासोन्मुख देशहरूसँगको सम्बन्ध सुधार्ने उद्देश्यले उनीहरूलाई चीनको हातमा पर्न नदिन ।

यो कुनै आश्चर्यको कुरा होइन कि बीआरआईप्रतिको पश्चिमको प्रतिक्रिया अस्पष्ट छ र ग्लोबल साउथप्रति थोरै उत्साहमात्र देखिएको छ ।

यस वर्षको सुरक्षा मूल्याङ्कनमा ग्लोबल साउथलाई विशेष ध्यान दिइएको छ । गत वर्षदेखि म्युनिख सुरक्षा सम्मेलनले विश्वव्यापी दक्षिणी देशहरूमा बढी जोड दिएको छ । एक योगदान तत्त्व युक्रेनको निम्ति पश्चिमको दृष्टिकोणको निम्ति ग्लोबल साउथप्रतिको कमजोर समर्थनको मानक हो ।

यसरी प्रतिवेदनमा केही कथनहरू ग्लोबल साउथको कारणलाई च्याम्पियनजस्तो देखिन सक्छ, तर मौलिकरूपमा, तिनीहरू अझै खेमा राजनीतिको पश्चिमी परम्पराले कडारूपमा बाँधिएका छन् ।

वर्तमान गतिरोधलाई पार गर्नको लागि कि सरकारहरू उनीहरूले अरूको तुलनामा कम कमाउँदै छन् भन्ने चिन्ता बढ्दै गएको छ, प्रतिवेदनले यस्तो समाधान प्रस्ताव गरेको छ - राजनीतिकरूपमा समान विचारधारा भएका राज्यहरूलाई पारस्परिक लाभहरू पुऱ्याउन ट्रान्सएट्लान्टिक (आन्ध्र महासागर वारपार) साझेदारहरू र समान विचारधाराका राज्यहरूले रक्षा र प्रतिरोधमा लगानी गर्नुपर्छ, उनीहरूले खोजीमा प्रतिबन्ध लगाउनुपर्छ ।

खेमाको द्वन्द्वको यो हठले देखाउँछ कि पश्चिमी संसार नै हार-हारको अवस्थाको वास्तविक निर्माता हो ।

विश्वव्यापी परिप्रेक्ष्यमा, चीन वास्तविक बहुपक्षीयतामा अडिग रहेको छ र सहयोग र यसले पारस्परिक लाभलाई प्राथमिकता दिने अन्तर्राष्ट्रिय सम्बन्धको लागि नयाँ प्रतिमान विकास गरेको छ ।

मानव जातिको साझा भविष्यसहितको समुदाय निर्माण, बेल्ट एन्ड रोड इनिसिएटिभ, ग्लोबल डेभलपमेन्ट इनिसिएटिभ, ग्लोबल सेक्युरिटी इनिसिएटिभ र ग्लोबल सिभिलाइजेसन इनिसिएटिभलगायत हालका वर्षहरूमा चीनका प्रस्तावहरूले विश्वव्यापी चुनौतीहरूको निष्पक्ष समाधानमा योगदान पुऱ्याएका छन् ।

पश्चिमाहरूले हार-हारको अवस्थाबाट बच्न राजनीतिकरूपमा समान विचारधारा साथीहरू बनाउन खोजेको छ, तर चीन दृढतापूर्वक उभिएको साँचो बहुपक्षीयवाद अझ सफल र प्रेरणादायी साबित भइरहेको छ ।

हार्दिक समवेदना



जन्म १९९९/१०/११

निधन २०८०/१०/२६

यस सङ्घका सदस्य प्रतिभा श्रेष्ठका पूजनीय ससुरा बाजे **कृष्णभक्त छुकां**को दुःखद निधन भएकोमा मृतकप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दै शोकाकुल परिवारजनमा हार्दिक समवेदना व्यक्त गर्दछ ।

**नेपाल क्रान्तिकारी महिला सङ्घ**
केन्द्रीय समिति

हार्दिक समवेदना




जन्म २००२/०३/०४

निधन २०८०/११/०४

यस ग्रुपका सदस्य शिवराम किजूका पूजनीय पिता **कृष्ण किजु**को दुःखद निधन भएकोले मृतकप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दै शोकाकुल परिवारमा हार्दिक समवेदना प्रकट गर्दछौं ।

**आदर्श बिजनेस ग्रुप**
खःलाँ-४, भक्तपुर

हार्दिक समवेदना





जन्म : १९९८/०४/०३
निधन : २०८०/१०/०६

जन्म : २०४२/१०/२८
निधन : २०८०/१०/२१

नेपाल कर्मचारी समाज, इन्जिनियरिङ्ग कलेज एकाइ समितिका सदस्य राजाराम खायमलीका पिता **कान्छा खायमली** र सदस्य गोविन्द माककी जीवन सङ्गिनी **सरिता सैंजू**को असामयिक निधन भएकोमा मृतकहरूप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दै शोकसन्तप्त परिवारजनमा हार्दिक समवेदना व्यक्त गर्दछ ।

**नेपाल कर्मचारी समाज**
**इन्जिनियरिङ्ग कलेज एकाइ समिति**
लिबाली, भक्तपुर

हार्दिक समवेदना



जन्म २००२/०३/०४

निधन २०८०/११/०४

कृष्ण किजू

यस संस्थाका उपाध्यक्ष शिवराम किजूका प्रातः स्मरणीय पिता तथा संस्थाका सदस्यता नं. ६८२ का सदस्य **कृष्ण किजू**को असामयिक निधन भएकोले मृतकप्रति हार्दिक श्रद्धाञ्जली अर्पण गर्दै शोकाकुल परिवारमा हार्दिक समवेदना प्रकट गर्दछ ।

**संगम बचत तथा ऋण सहकारी संस्था लि.**
खःलाँ-४, भक्तपुर

हार्दिक समवेदना



जन्म १९९५/८/१६

निधन २०८०/१०/१४

यस संस्थाका सदस्यता नं. १९४३ का सदस्य **कान्छी किजू**को दुःखद निधन भएकोले मृतकप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दै शोकाकुल परिवारमा हार्दिक समवेदना प्रकट गर्दछ ।

**संगम बचत तथा ऋण सहकारी संस्था लि.**
खःलाँ-४, भक्तपुर

हार्दिक समवेदना



जन्म १९९९/१०/११

निधन २०८०/१०/२६

यस संस्थाका सदस्यता नं. ५७० का सदस्य **कृष्णभक्त छुकां**को दुःखद निधन भएकोले मृतकप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दै शोकाकुल परिवारमा हार्दिक समवेदना प्रकट गर्दछ ।

**संगम बचत तथा ऋण सहकारी संस्था लि.**
खःलाँ-४, भक्तपुर

हार्दिक समवेदना



जन्म २०१२/०७/२४

निधन २०८०/११/०३

यस संस्थाका सदस्यता नं. २२२१ का सदस्य **सत्यपाल गणेश**को असामयिक निधन भएकोले मृतकप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दै शोकाकुल परिवारमा हार्दिक समवेदना प्रकट गर्दछ ।

**संगम बचत तथा ऋण सहकारी संस्था लि.**
खःलाँ-४, भक्तपुर

प्रकाशक तथा कार्यकारी सम्पादक : उद्धव सुजखु ★ सम्पादक : विष्णुगोपाल कुसी ★ कार्यालय : कमलविनायक, भक्तपुर ★ फोन नं. ६६१०९२१, विज्ञापन शाखा - ६६१९१०७/६६२०५५९ फ्याक्स : ६६१३२०७ ★ E-mail: majdurdaily@gmail.com ★ मुद्रक : सिद्धिगणेश अफसेट प्रेस, चोर्चा